# सुर्यविनायक नगरपालिका, गुण्डु, भक्तपुरमा औद्योगिक ग्रामको

# निर्माण तथा संचालनका लागि

## संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन

## सुर्यविनायक नगरपालिका, वडा नं. ७, गुण्डु, बागमती प्रदेश

(वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची ९ मा आधारित)




**प्रस्तावक**

सुर्यविनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर
बागमती प्रदेश, नेपाल

**पेश गरिएको निकाय**

सुर्यविनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर
बागमती प्रदेश, नेपाल

चैत्र, २०८०

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| मि. | मिटर |
| कि.मि. | किलोमिटर |
| न.पा. | नगरपालिका |
| IEE | Initial  Environmental Examination |
| TOR | Terms of Reference |
| ZOI | Zone of Influence |

विषयसूची

**परिच्छेद १: प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना........................... १**

१.१ प्रस्तावको नाम........................................................................१

१.२ प्रस्तावकको नाम, ठेगाना इमेल र फोन नं...................................................१

१.३ परामर्शदाताको नाम, ठेगाना इमेल र फोन नं ................................................१

१.४ संक्षिप्त वातावरणीय अध्ययन (BES) को उद्देश्यहरू.........................................१

**परिच्छेद २: प्रस्तावको सारांश ........................................................... ३**

२.१ प्रस्तावको सामान्य परिचय र उद्देश्य.......................................................३

२.२ भू-उपयोगमा पर्ने असर...................................................................६

२.३ वातावरणमा पर्ने प्रतिकूल प्रभाव...........................................................६

२.४ मानव जीवनमा पर्ने असर ..................................................................७

२.५ स्थानीय पूर्वाधारमा हुने क्षति..............................................................७

२.६ अध्ययन विधि...........................................................................८

२.२.१ सन्दर्भ ग्रन्थ पुनरावलोकन..............................................................८

२.२.२ प्रभाव क्षेत्रको दायरा..................................................................९

२.२.३ क्षेत्र निर्धारण र निरीक्षण............................................................ १०

२.२.४ प्रभाव पहिचान, आकलन र मूल्यांकन.................................................. १२

२.२.५ प्रतिवेदन तयार...................................................................... १३

**परिच्छेद ३: प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्ने ......................... १४**

३.१ प्रस्तावको किसिम : **.................................................................. १४**

३.१.१ प्रशोधन गर्ने........................................................................ १४

३.१.२ उत्पादन गर्ने....................................................................... १४

३.१.३ जडान गर्ने.......................................................................... १४

३.१.४ सेवा प्रवाह गर्ने..................................................................... १४

३.२ डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्ने **.......................................... १४**

३.३ प्रस्तावको **........................................................................... १५**

३.३.१ जडान क्षमता ........ १५

३.३.२ प्रतिदिन वा वर्ष कति घण्टा संचालन हुने ........ १५

**३.४ प्रयोग गरिने सामाग्री ........ १५**

**३.५ प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुने ........ १५**

३.५.१ ठोस ........ १५

३.५.२ तरल ........ १५

३.५.३ हावा ........ १६

३.५.४ ग्याँस ........ १६

३.५.५ ध्वनि ........ १६

३.५.६ धूलो ........ १७

३.६.१ किसिम ........ १७

३.६.२ श्रोत ........ १८

३.६.३ खपत हुने परिमाण ........ १८

**३.७ जनशक्तिको आवश्यकता कति पर्ने ........ १८**

**३.८ प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने ........ १८**

३.८.१ कुल पूंजी ........ १८

३.८.२ चालु पूँजी ........ १८

३.८.३ जमिनको क्षेत्रफल ........ १९

३.८.४ भवन र तिनका किसिम ........ १९

३.८.५ मेसिनरी औजार ........ १९

**३.९ प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण ........ १९**

३.९.१ नक्सा ........ १९

३.९.२ सो क्षेत्र र वरिपरिको जनसंख्या र बसोबासको स्थिति ........ २२

३.९.३ प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशील चिज वा वस्तु रहेको भए त्यस्ता चिजवस्तुको विवरण ........ २६

३.९.४ हालको स्थिति ........ २६

३.९.५ पानीको श्रोत ........ २७

३.९.६ फोहरमैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्था ........ २७

**परिच्छेद ४ : प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव ........ २८**

**४.१ अनुकूल प्रभावहरू ........ २८**

४.१.१ निर्माण अवधि ........ २८

४.१.२ सञ्चालन अवधि ........ २८

**४.२ प्रतिकूल प्रभावहरू ........ २९**

४.२.१ भौतिक वातावरण ........ २९

४.२.२ जैविक वातावरण ........ ३१

४.२.३ सामाजिक-आर्थिक वातावरण ........ ३२

**परिच्छेद ५ : प्रस्ताव कार्यान्वयनका विकल्प ........ ३९**

५.१ प्रस्ताव कार्यान्वयन नगर्ने ........ ३९

५.२ प्रस्तावका विकल्पहरू ........ ३९

५.२.१ आयोजना स्थल ........ ३९

५.२.२ वैकल्पिक डिजाइन ........ ३९

५.२.३ प्रक्रिया, समय तालिका ........ ३९

**परिच्छेद ६ : वातावरणीय व्यवस्थापन योजना खाका ........ ४०**

६.१ अनुकूल प्रभावहरूको अनुमानित खर्चको सारांश ........ ६०

६.२ प्रतिकूल प्रभावहरूको अनुमानित खर्चको सारांश ........ ६१

६.३ अनुगमन योजना ........ ६३

**परिच्छेद ७ : अन्य आवश्यक कुरा ........ ७०**

७.१ प्रतिवेदन तयार गर्दा आकर्षण भएका नीति, ऐन, नियम, नियमावली, निर्देशिका तथा मापदण्डहरू ........ ७०

**परिच्छेद ८: निष्कर्ष ........ ८६**

**सन्दर्भ सामग्रीहरू ........ ८७**

**अनुसूचीहरू ........ ८८**

## तालिकाहरूको सूची

तालिका १ : आयोजनाको प्रभाव क्षेत्रको रेखांकन ........ ९
तालिका २ : सार्वजनिक सुनुवाइको बेला प्राप्त टिप्पणीहरू........ १२
तालिका ३ : तथ्याङ्क मापनको तरीका........ १३
तालिका ४ : औचित्यता मापनको तरीका ........ १३
तालिका ५ : निर्माण स्थलको वायु गुणस्तर........ १६
तालिका ६ : आयोजना स्थलको ध्वनी गुणस्तर ........ १७
तालिका ७ : आयोजनाको विवरण ........ २३
तालिका ८ : प्रस्तावित क्षेत्र नजिक रहेको चतरा नालाको पानीको परीक्षण नतिजा........ २६
तालिका ९ : अनुकूल प्रभावहरूको तह निर्धारण र मूल्याङ्कन ........ ३४
तालिका १० : प्रतिकूल प्रभावहरूको तह निर्धारण र मूल्याङ्कन........ ३५
तालिका ११ : अनुकूल प्रभावहरू बढोत्तरीका उपायहरूबारे वातावरणीय व्यवस्थापन योजना ........ ४१
तालिका १२ : प्रतिकूल प्रभावहरू न्यूनीकरणका उपायहरू बारे वातावरणीय व्यवस्थापन योजना... ४५
तालिका १३ : अनुकूल प्रभावहरूको अनुमानित खर्च........ ६०
तालिका १४ : प्रतिकूल प्रभावहरूको अनुमानित खर्च........ ६१
तालिका १५ : वातावरणीय अनुगमन योजना........ ६४
तालिका १६ : नेपालको संविधान ........ ७०
तालिका १७ : नीति, योजना र रणनीति ........ ७१
तालिका १८ : ऐनहरू ........ ७२
तालिका १९ : नियम तथा नियमावलीहरू ........ ७९
तालिका २० : नेपाल भेहिकल मास उत्सर्जन मापदण्ड........ ८३
तालिका २१ : राष्ट्रिय ध्वनि गुणस्तर मापदण्ड ........ ८३
तालिका २२ : सतही पानीमा पठाइने औद्योगिक एफ्लुएन्टको मापदण्ड........ ८४

## चित्रहरूको सूची

चित्र १ : सुर्यविनायक नगरपालिकामा प्रस्तावको अवस्थिति........ २०
चित्र २ : प्रस्तावित औद्योगिक ग्रामको गुरूयोजना चित्र........ २१
चित्र ३ : गुगल नक्सामा प्रस्तावित औद्योगिक ग्रामको क्षेत्र ........ २१

# परिच्छेद १: प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना

## १.१ प्रस्तावको नाम

बागमती प्रदेश, भक्तपुर जिल्ला अन्तर्गत सुर्यविनायक नगरपालिकाको वडा नं. ७ मा औद्योगिक ग्राम परियोजना निर्माण तथा संचालन गर्नको लागि संक्षिप्त वातावरणीय अध्ययन (BES) रहेको छ।

## १.२ प्रस्तावकको नाम, ठेगाना इमेल र फोन नं

सुर्यविनायक नगरपालिका

नगरकार्यपालिकाको कार्यालय,

सूर्यविनायक, कटुन्जे, भक्तपुर

**ईमेलः** official@suryabinayakmun.gov.np,
suryabinayakmun.gov.np@gmail.com

**फोनः-** ०१-६६१९६२५

## १.३ परामर्शदाताको नाम, ठेगाना इमेल र फोन नं

प्रस्तावको सन्दर्भमा आवश्यक प्राविधिक अध्ययन गरी संक्षिप्त वातावरणीय अध्ययन र सोको कार्यसूची समेत तयार गरिदिने जिम्मा प्रस्तावकले Consultancy Firm For Training, Research and Development Nepal Pvt. Ltd., Bhaktapur लाई सुम्पेको छ। तदनुसार Consultancy Firm For Training, Research and Development Nepal Pvt. Ltd. ले वातावरण संरक्षण नियमावली, २०७७ को नियम ५ को उप-नियम १ को खण्ड (क) ले सुझाएको ढाँचा अनुरूप प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको कार्यसूची तयार गरेको हो। प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना निम्नानुसार रहेको छ।

**Name:-** Consultancy Firm For Training, Research and Development Nepal Pvt. Ltd.

**Address:-** Bhaktapur

**Email:-** cftrdnepal@gmail.com

## १.४ संक्षिप्त वातावरणीय अध्ययन (BES) को उद्देश्यहरू

यस संक्षिप्त वातावरणीय अध्ययनको मुख्य उद्देश्य प्रस्तावित औद्योगिक ग्राम परियोजनाको कार्यान्वयनमा वातावरणीय पक्षलाई मूल प्रवाहिकरण गरी वातावरण र विकासमा तालमेल ल्याई परियोजनालाई दिगो एवं वातावरण मैत्री बनाउनु हो। यसका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्।

- प्रस्ताव कार्यान्वयन स्थलको भौतिक रासायनिक, जैविक एवं सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्थितिको पहिचान गर्नु।

- प्रस्तावित कार्यबाट स्थानीय भौतिक, रासायनिक, जैविक तथा सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने अनुकूल तथा प्रतिकूल असरहरू पहिचान गरी तिनको लेखाजोखा गर्नु।
- उपयुक्त सकारात्मक प्रभावहरूको अभिवृद्धि तथा नकारात्मक प्रभावहरूको न्यूनीकरणका उपायहरू सुझाव गर्नु।
- प्रस्तावका विभिन्न विकल्पहरूको विश्लेषण गर्नु।
- उक्त क्रियाकलापको लागि वातावरणीय व्यवस्थापन योजना तथा अनुगमन योजना तर्जुमा गर्नु।
- सम्बन्धित सरोकारवालाहरू र निर्माणकर्ता लाई प्रस्तावको वातावरणीय पक्षको बारेमा जानकारी गराउनु।
- स्थानीय बासिन्दाहरूका रायसुझाव समेत संकलन गरी परियोजनालाई वातावरणमैत्री बनाउनु।
- परियोजनाको वातावरणीय अध्ययनको हकमा संक्षिप्त वातावरणीय अध्ययन यथेस्ट भए नभएको यकिन गर्नु।

# परिच्छेद २: प्रस्तावको सारांश

## २.१ प्रस्तावको सामान्य परिचय र उद्देश्य

औद्योगिक क्षेत्र वैज्ञानिक रूपमा पूर्व निर्धारित स्थानमा निर्मित उद्योगहरूको समूह हो। औद्योगिक क्षेत्रले राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। औद्योगिक क्षेत्रको विकासले त्यस क्षेत्रमा रहेका अन्य उद्योगहरू बीच राम्रो औद्योगिक सम्बन्ध विस्तार गर्न मद्दत गर्दछ। औद्योगिक क्षेत्रले लचिलो र गुणात्मक स्थानीय श्रम बजार प्रदान गर्दछ जुन कुनै एक उद्योग विशेषमा सीमित नभएर सम्पूर्ण औद्योगिक क्षेत्रको लागि प्रतिबद्ध हुन्छ।

उद्योगहरू बीच प्रतिस्पर्धा बढाउन र लगानी आकर्षित गर्न समग्र आर्थिक वृद्धि रणनीतिको अंशको रूपमा औद्योगिक क्षेत्र उपयोगी रहेको छ। औद्योगिक क्षेत्रको माध्यमबाट सरकारले निर्यातलाई प्रवर्द्धन र विविधीकरण गरी रोजगारी सिर्जना गर्ने र नयाँ नीति तथा दृष्टिकोणहरू कार्यान्वयन गर्ने लक्ष्य लिएको छ। औद्योगिक क्षेत्रले उद्यमहरूको प्रभावकारी सरकारी पर्यवेक्षण, अफ-साइट पूर्वाधारहरूको प्रावधान र वातावरणीय नियन्त्रणहरूको लागि सहज वातावरण सिर्जना गर्दछ।

अर्थशास्त्री अल्फ्रेड मार्शलले सन् १८९० मा प्रकाशित उनको पुस्तक, “Principle of Economics” मा औद्योगिक क्षेत्रलाई “the concentration of specialized industries in particular localities” भनी परिभाषित गरेका छन्। औद्योगिक क्षेत्रले एकै क्षेत्रमा स्थापित व्यापार सम्बन्धको विशेषता साथसाथै त्यस क्षेत्रको सामाजिक र आर्थिक महत्व पनि झल्काउँछ। औद्योगिक क्षेत्रबाट प्राप्त हुने विशेष लाभ लचिलो र गुणात्मक स्थानीय श्रम बजार हो जुन कुनै एक उद्योग विशेषमा सिमित नभएर सम्पूर्ण औद्योगिक क्षेत्रको लागि प्रतिबद्ध हुन्छ। यसले श्रम पलायनलाई न्यूनीकरण गर्नुका साथै तुलनात्मक रूपमा स्थिर समुदायको निर्माण गरी स्थानीय सांस्कृतिक पहिचान र साझा औद्योगिक विशेषज्ञताको विकास गर्दछ।

नेपालमा पहिलो औद्योगिक क्षेत्रको स्थापना सन् १९६० मा काठमाण्डौको बालाजुमा भएको थियो। बालाजु औद्योगिक क्षेत्रमा उद्योगहरूको सहज संचालनका लागि पूर्वाधारका सुविधाहरू अमेरिकी सहयोगबाट प्राप्त भएको थियो। त्यस पश्चात् हालसम्म नेपाल सरकारले देशका विभिन्न स्थानहरूमा ११ वटा औद्योगिक क्षेत्रहरू स्थापना गरिसकेको छ जसमध्ये १० वटा औद्योगिक क्षेत्रहरू सञ्चालनमा रहेका छन्: बालाजु, पाटन, हेटौंडा, धरान, नेपालगन्ज, पोखरा, बुटवल, भक्तपुर, बिरेन्द्रनगर र गजेन्द्र नारायण सिंह (राजविराज)। जुलाई १९८८ मा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड एक अलग कोर्पोरेट एकाइको रूपमा स्थापित भयो। सबै औद्योगिक

क्षेत्रहरूको समग्र व्यवस्थापन र पर्यवेक्षण साथसाथै सम्भावित क्षेत्रहरूमा औद्योगिक क्षेत्रहरूको सम्भाव्यता अध्ययन सञ्चालन गर्ने, नयाँ औद्योगिक क्षेत्रहरू निर्माण गर्ने र उद्योगहरूको योजना तथा प्रवर्द्धन जस्ता कार्यहरूको जिम्मा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई सुम्पिएको थियो।

विभिन्न सुविधाहरूको साथै औद्योगिक क्षेत्रले वातावरण र यसका अवयवमा केही नकारात्मक असर पार्न सक्छन्। यद्यपि विभिन्न ठाउँहरूमा छरिएका उद्योगहरूले वातावरणमा पार्ने असरहरूको तुलनामा औद्योगिक क्षेत्रबाट पर्ने असर कम हुन्छ वा सजिलै समाधान गर्न सकिने प्रकृतिको हुन्छ। औद्योगिक क्षेत्रले उद्योगहरूलाई साझा विशेषज्ञता, औद्योगिक संस्कृति, सजिलै उपलब्ध हुन सक्ने श्रम बजार जस्ता फाइदाहरू पुऱ्याउनुका साथसाथै प्राविधिक तथा आर्थिक रूपमा बलियो बनाई वातावरणीय मुद्दाहरू एकजुट भएर सामाधान गर्ने स्थिति सिर्जना गर्दछ।

आर्थिक वर्ष २०७६/०७७ मा ४५ वटा स्थानीय तहमा औद्योगिक ग्राम घोषणा भएको थियो। आर्थिक वर्ष ०७७/०७८ मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय १३० औद्योगिक ग्राम बनाउने योजना रहे पनि ३९ वटा मात्रै घोषणा हुन सफल भए। चालु आर्थिक वर्ष २०७८/०७९ मा ५० वटा औद्योगिक क्षेत्र घोषणा गर्ने सरकारको लक्ष्य छ। छरिएर रहेका उद्योगलाई एकै स्थानमा समेटेर स्थानीय स्रोत साधन, कच्चा पदार्थ, प्रविधि र सीप प्रयोग गरी स्थानीयस्तरमै रोजगारी बढाउने उद्देश्यले औद्योगिक ग्राम सञ्चालन गर्न लागिएको हो। योजनाअनुसार भौगोलिक परिवेशका आधारमा फरक—फरक क्षेत्रफलमा औद्योगिक ग्राम बनाइने छ, हिमाली भेगमा २५ रोपनी, पहाडमा ३५ रोपनी र तराइमा ७ बिघामा र तोकिएको कुल जग्गाको ६० देखि ७० प्रतिशतमा उद्योग स्थापना हुनेछन्। दुई देखि पाँच प्रतिशतमा प्रशासनिक तथा सेवा केन्द्र बन्ने छ। त्यस्तै सात देखि दस प्रतिशतमा हरियाली क्षेत्र, बाह्र देखि पन्ध्र प्रतिशत मूल सडक तथा सहायता सडक क्षेत्र, तीन देखि पाँच प्रतिशतमा खाली जग्गा विपद व्यवस्थापन क्षेत्र, दुई देखि पाँच प्रतिशतमा खुला मैदान तथा पार्क र अन्य सेवा पार्किङ क्षेत्र, स्वास्थ्य केन्द्र का लागि छुट्याइनेछ।पहुँच मार्ग र ग्रामभित्रको मुख्य तथा सहायक मार्गका दुवै छेउछाउमा बोटविरूवा रोपिनेछ।

उद्योग ग्राम बनाउन जग्गा भने स्थानीय तहले नै खोज्नुपर्छ। जग्गा छनोट गर्दा आर्थिक तथा भौगोलिक दृष्टिले उपयुक्त हुनुका साथै सरकारी जग्गा नै हुनुपर्ने औद्योगिक ग्राम घोषणा तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ मा उल्लेख छ। सार्वजनिक जग्गामा बनाउँदा पाटी, पौवा, गौचरन मासिने भएकाले सरकारी जग्गामा मात्र बनाउने प्रावधान छ। कार्यविधि अनुसार

औद्योगिक ग्राम मानव वस्ती भन्दा कम्तीमा पाँच सय मिटर भन्दा पर हुनुपर्छ। त्यस्तै अन्तर्राष्ट्रिय सीमादेखि न्यूनतम दुई किलोमिटर टाढा हुनु पर्नेछ। अन्यत्र जग्गा उपलब्ध नभई सीमा क्षेत्रनजिक मात्र उपलब्ध भए, पाँच सय मिटर दुरीमा पनि स्थापना गर्न सकिने छ। औद्योगिक ग्रामभित्र प्रशासनिक भवन, बैंक तथा वित्तीय संस्था, दिवा शिशु स्याहार केन्द्र, अग्नि नियन्त्रण व्यवस्था, सामान प्रदर्शनी तथा बिक्री कक्ष, शौचालय तथा स्नान गृह, पार्किङ, क्यान्टिन र प्राथमिक स्वास्थ्य केन्द्र बनाइने छ।

औद्योगिक ग्राम बनिसकेपछि स्थानीय तह वा निजी तथा साझेदारीमा सञ्चालन गर्न सकिने कार्यविधिले व्यवस्था गरेको छ। औद्योगिक ग्रामभित्र कृषि तथा वनजन्य, ऊर्जामूलक र सेवामूलक लगायत स्थानीय तहले उपयुक्त ठानेका उद्योग रहने छन्। औद्योगिक ग्राममा तीनै तहको लागत सहभागितामा रहने छ। स्थापनाका लागि कुल परियोजना लागतको चालीस प्रतिशत अर्थात् तीन करोड रूपैयाँसम्म केन्द्रले दिनेछ भने बाँकी स्थानीय र प्रदेश सरकारले हाल्नुपर्ने छ।यस सन्दर्भमा सुर्यविनायक नगरपालिकाले वडा न. ७ गुण्डु स्थित ४.५३ हे. क्षेत्रफलमा परियोजनाको पहिचान गरी अध्ययन प्रक्रिया अघि बढाएको छ।

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३ सँग सम्बन्धित अनुसूची १ बमोजिम प्रस्तावकले यस परियोजनाको वातावरणीय अध्ययनको रूपमा संक्षिप्त वातावरणीय अध्ययन प्रक्रिया अगाडी बढाएको छ। समग्र संक्षिप्त वातावरणीय अध्ययन प्रक्रियाको एक अंशको रूपमा तयार गरिएको यो कार्यसूची वातावरण संरक्षण ऐन,२०७६ को दफा ५ मा व्यवस्था भए बमोजिम वातावरण संरक्षण नियमावली, २०७७ को नियम ५ मा निर्देशन गरिएको प्रक्रिया अवलम्बन गरी तयार गरिएको छ।

स्थानीय स्रोत, साधन, कच्चा पदार्थ, प्रविधि र सीप परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गरी त्यस्ता उद्योगको स्थापना विकास र प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय तहबाटै औद्योगिक ग्रामको स्थापना, संचालन तथा व्यवस्थापन गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत भइ कार्यान्वयनमा रहेको छ। प्रत्येक स्थानीय तहमा एक औद्योगिक ग्राम घोषणा गरी संचालनमा ल्याउने नेपाल सरकारको नीति अनुसार १७५ भन्दा बढी स्थानीय तहहरूमा औद्योगिक ग्राम घोषणा भइ विकास र निर्माणको चरणमा रहेका छन। यस प्रस्तावको उद्देश्य वराहक्षेत्र नगरपालिकामा औद्योगिक ग्रामको निर्माण गरि उद्योगहरूलाई औद्योगिक ग्राम भित्र

संचालन हुने वातावरण मिलाउने र औद्योगिक ग्राम भित्र उद्योगहरूलाई आवश्यक अनुसारको सुविधा सहित व्यवस्थित उद्योग संचालनको सुनिश्चित गर्ने रहेको छ।

औद्योगिक ग्राम को अवधारणा चाहिँ स्थानीय स्तरमा औद्योगिक विकास र प्रवर्धनका लागि त्यहीको स्थानीय स्रोत साधन सीप तथा स्थानीय प्रविधिलाई प्रयोग गर्नु, स्थानीय स्रोत साधनहरूको अधिकतम प्रयोग, स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना, औद्योगिक संरचनाको निर्माण, साना तथा मझौला उद्योगहरू फस्टाउने, स्थानीय पर्यटन प्रवर्धनमा सहयोग पुग्नेछ, स्थानीय उत्पादनले स्थानीय तथा बाहिरि बजार पाउनेछन्। औद्योगिक ग्राम निर्माण गरेर नगरपालिकामा रहेका वा संचालन हुन लागेका उद्योगहरूलाई औद्योगिक ग्राममा संचालन गर्ने कार्यले फोहरमैला र फोहोरपानीको  व्यवस्थापन सजिलो हुनेछ।

## २.२ भू-उपयोगमा पर्ने असर

यस प्रस्तावबाट हुने जमिनको परिवर्तन प्रस्ताव क्षेत्रमा मात्र सीमित हुने देखिन्छ। प्रस्ताव निर्माणको लागि कूल ४.५३ हेक्टर क्षेत्रफल जमिन प्रस्ताव गरिएको जसमा साना उद्योगहरू स्थापना तथा संचालन गर्न एडमिन ब्लकको लागि २४६.४१६ वर्ग मिटर, क्यान्टिन ब्लकको लागि ३८.२३ वर्ग मिटर गार्ड ब्लकको लागि १०.२६ वर्ग मिटर र हरियाली/पिकनिक स्पोटका लागि २४.६ हेक्टर छुट्टाइएको छ। प्रस्ताव क्षेत्र वन क्षेत्रमा नरहेको र सो क्षेत्रमा कुनै रूखहरू रहेका छैनन्। बाझो जमिन रहेको प्रस्तावित जग्गामा यस प्रस्तावको स्वीकृति पश्चात वन जग्गाको भोग अधिकार लिएर संरचनाहरू बन्ने छ। यस प्रस्तावमा हरियाली प्रवर्द्धन, सवारीसाधन पार्किङ्ग, उद्योगहरूलाई नाला, बाटो, पानी, बिजुली लगायतका सुविधा दिने योजना रहेको छ। निर्माणको चरणमा जमिन सम्याउने, नाला, बाटो आदि निर्माण कार्य गर्दा प्राकृतिक प्रदूषण बढ्ने र पानीको निकासमा अवरोध हुने सम्भावना देखिन्छ।

## २.३ वातावरणमा पर्ने प्रतिकूल प्रभाव

निर्माण चरणमा उद्योगहरूलाई आवश्यक भौतिक संरचना बाटो, नाला, प्रशासनिक भवन निर्माण गर्दा, प्रस्तावित क्षेत्रको जमिन सम्याउने, आकार दिने कार्य गर्दा वातावरणमा पर्ने प्रतिकूल प्रभावमा वायु प्रदूषण, ध्वनी प्रदूषण, प्राकृतिक पानीको निकासमा हुने समस्याहरू रहेका छन्। औद्योगिक ग्राम संचालन चरणमा वातावरणमा पर्ने प्रतिकूल प्रभावमा फोहरपानी, भूउपयोगमा हुने परिवर्तन, वायु प्रदूषण, ध्वनी प्रदूषण, प्राकृतिक पानीको निकासमा हुने समस्या, फोहरमैला व्यवस्थापन, सामाजिक प्रभावहरू र अन्य औद्योगिक ग्राम भित्र संचालन हुने उद्योगहरूको प्रकृति अनुसारका प्रतिकूल असरहरू रहने छन्।

## २.४ मानव जीवनमा पर्ने असर

प्रस्तावित औद्योगिक ग्राम वन जग्गा भोग अधिकार लिई गर्ने योजना रहेको हुँदा, ४.५३ हेक्टर जग्गा औद्योगिक क्षेत्रमा परिणत हुन्छ। औद्योगिक ग्राम भित्र उद्योगहरू निर्माण तथा संचालनका क्रममा स्थानीय बासिन्दाहरूले रोजगार पाउने छन् र उद्योग निर्माण तथा संचालनका क्रममा निस्कने फोहरमैला, फोहरपानी, धुलो र ध्वनी प्रदूषणले निर्माण क्रममा नजिकका मानिसहरूलाई असर गर्ने देखिन्छ।

संचालनका क्रममा औद्योगिक ग्राम भित्रका उद्योगहरू र औद्योगिक ग्रामको प्रशासनिक भवन लगायतका अन्य कार्यहरूमा स्थानीयहरूलाई रोजगारीको अवसर प्राप्त हुनेछ। उद्योगमा काम गरेर सिप सिकेको मानिसले अन्य स्थानमा गएर उद्योग खोलेर रोजगारीको अवसर सृजना गर्ने र देशको आयात घाटा कम गर्न सक्छन। संचालन चरणमा औद्योगिक ग्राम भित्र निस्कने फोहरमैला, फोहरपानी, वायु प्रदूषण र ध्वनी प्रदूषणको उचित व्यवस्थापन नभए मानव जीवनमा प्रत्यक्ष प्रतिकूल प्रभाव पर्ने छ। औद्योगिक ग्राम र भित्र रहने उद्योगहरूमा काम गर्ने कामदारको उद्योग भित्रको वातावरणले पनि जीवनमा प्रत्यक्ष प्रतिकूल प्रभाव पार्ने छ।

## २.५ स्थानीय पूर्वाधारमा हुने क्षति

यस प्रस्तावले स्थानीय पूर्वाधारमा कुनै क्षति नपार्ने देखिन्छ। औद्योगिक ग्राम र भित्र रहने उद्योगहरूको निर्माण क्रममा ठूला ठूला मसिन, निर्माण सामाग्रीहरू ल्याउँदा बाटोमा प्रत्यक्ष प्रभाव पर्ने छ। यस प्रस्तावले आफ्नै सब स्टेशन राख्ने र भित्र छुट्टै बाटो, नाला, पानीका लागि संरचना निर्माण गर्ने भएकाले स्थानीय पूर्वाधारमा क्षति हुने छैन।

## २.६ अध्ययन विधि

प्रस्तुत संक्षिप्त वातावरणीय अध्ययन सुर्यविनायक नगरपालिकाको वडा नं. ७ मा गुण्डु क्षेत्रमा औद्योगिक ग्रामका लागि सुर्यविनायक नगरपालिकाको कार्यालयबाट स्वीकृत कार्यसूचीको आधारमा तयार पारिएको हो। स्वीकृत कार्यसूची प्राप्त भएपश्चात मिति २०८०/०४/२६ गतेका दिनमा नगरपालिका द्वारा सावर्जनिक सुनुवाइमा उपस्थितिका लागि सूचना प्रकाशन गरि स्थानीय निकायका निर्वाचित जनप्रतिनिधि संगै अन्य सरोकारवालाहरू, स्थानीय संघ संस्था, छिमेकीहरूलाई प्रस्तावित उद्योगको परिसरमा आमन्त्रित गरियो र मिति २०८०/०४/२८ मा १५ जनाको उपस्थितमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरियो। सो अवसरमा स्थानीयवासी, सार्वजनिक संघ — संस्था, छरछिमेकीबाट उठेका सल्लाह, सुझावहरूलाई समावेश गर्दै प्रतिवेदन तयार गरियो। तत् पश्चात स्थानीयवासी, संघ- संस्था तथा छरछिमेकको यस उद्योग निर्माण तथा सञ्चालनबाट आउँदा दिनमा पर्न सक्ने प्रभावहरूको बारेमा राय, सुझावका लागि वडा कार्यालय र अन्य संघ-संस्थाहरूमा सार्वजनिक सूचना टाँस गरि मुचुल्का लिइयो। मिति २०८०/०४/३२ गतेका दिन राष्ट्रिय दैनिक पत्रिका "प्रक्षेपण" मा राय सुझावका लागि १५ दिने सार्वजनिक सूचना प्रकाशित गरियो। सार्वजनिक सुनुवाइ पश्चात स्थानीय निकाय तथा सरोकारवाला संस्थाबाट सिफारिस पत्र संकलन गरियो। अध्ययनकै क्रममा विज्ञ टोलीद्वारा प्रस्तावित उद्योग क्षेत्रको भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरणको जानकारी संकलन गर्ने उद्देश्य साथ २०८०/०४/२९ र २०८०/०४/३० गते प्रस्तावित क्षेत्रको भ्रमण गरियो। संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वातावरण संरक्षण ऐन, २०७७ मा दिइएको ढाँचा अनुसार स्थानीय व्यक्तिले दिएको सुझाव र सार्वजनिक तथा सामाजिक संस्थाद्वारा दिएको लिखित टिप्पणीहरू समावेश गर्दै प्रतिवेदन तयार पारिएको छ।

### २.२.१ सन्दर्भ ग्रन्थ पुनरावलोकन

प्रतिवेदन तयार गर्ने सन्दर्भ ग्रन्थ पुनरावलोकन, प्रचलन नियम, कानुन पुनरावलोकन गर्नु र प्रभावित क्षेत्रको विवरणको बारेमा जनाकारी संकलन गर्नु महत्वपूर्ण चरण हो। सन्दर्भ ग्रन्थ निम्न कागजजातहरूको डेस्क अध्ययनबाट लिइएको थियो :

- स्थानीय निकाय प्रोफाइल
- यस योजनासँग सम्बन्धित नियम, कानुन तथा निर्देशिकाहरू

### २.२.२ प्रभाव क्षेत्रको दायरा

प्रभावित क्षेत्रका गतिविधिहरूको कार्यान्वयनको कारण परिकल्पना गरिएको प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरूको बारेमा विश्लेषण गरिएको छ।

- **प्रत्यक्ष प्रभाव क्षेत्र**

प्रस्तावित औद्योगिक ग्राम "पोइन्ट प्रोजेक्ट" हो र औद्योगिक ग्राम निर्माण तथा संचालनमा औद्योगिक ग्राम भित्र संचालन हुने उद्योगहरूबाट ५०० मिटर सम्मको क्षेत्रलाई प्रत्यक्ष प्रभावित क्षेत्रको रूपमा निर्धारण गरी अध्ययन गरिएको हो। यस क्षेत्रमा आयोजनाको गतिविधिले वातावरणीय पक्षलाई गम्भीर रूपमा प्रभावित पर्ने हुनाले यस क्षेत्रको अध्ययन गरिएको छ। प्रत्यक्ष प्रभाव क्षेत्र औद्योगिक ग्राम संचालन हुँदा आउने बायु प्रदूषण र ध्वनि प्रदूषण पुग्ने दुरीलाई आधार मानेर गरिएको छ।

- **अप्रत्यक्ष प्रभाव क्षेत्र**

प्रत्यक्ष प्रभावित क्षेत्रबाट ५००-१००० मिटर सम्मको बाहिरी क्षेत्रलाई अप्रत्यक्ष प्रभावित क्षेत्रको रूपमा लिइएको छ। यस क्षेत्रमा भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणलाई असर पर्न सक्दछ।

- **कम प्रभाव क्षेत्र**

सामाजिक र आर्थिक दृष्टिकोणबाट आयोजनाको प्रभाव कम हुने क्षेत्र यस वर्ग मा पर्दछ। यस वर्गमा आयोजनाको निर्माण र सञ्चालन नहुने, र श्रमिकहरूको गतिविधि कम हुने गर्दछ। सुर्यविनायक नगरपालिका वडा नं. ७ को गुण्डु क्षेत्रलाई प्रभाव क्षेत्रको रूपमा लिइएको छ।

आयोजनाको प्रभाव क्षेत्रलाई तल तालिका र चित्रमा देखाइएको छ।

**तालिका १ : आयोजनाको प्रभाव क्षेत्रको रेखांकन**

| | | |
|---|---|---|
| १ | प्रत्यक्ष प्रभाव क्षेत्र | औद्योगिक ग्राम क्षेत्रबाट ५०० मिटर |
| २ | अप्रत्यक्ष प्रभाव क्षेत्र | प्रत्यक्ष प्रभाव क्षेत्रबाट ५००-१००० मिटर |
| ३ | प्रभाव क्षेत्र | सुर्यविनायक नगरपालिका वडा नं. ७ |

*(फिल्ड सर्वेक्षणमा आधारित)*

### २.२.३ क्षेत्र निर्धारण र निरीक्षण

परियोजनाको भौतिक, जैविक, सामाजिक-आर्थिक र सांस्कृतिक वातावरणको बारेमा जानकारी संकलनको लागि लागि वातावरण संरक्षण ऐन २०७७ अनुसारको विज्ञ टोलीले वि.सं. २०८०/०४/२९ र २०८०/०४/३० मा प्रस्तावित क्षेत्र सर्वेक्षण गरियो। विज्ञ टोलीहरूले प्रत्यक्ष र अप्रत्यक्ष प्रभावित क्षेत्रको निम्न लिखित भौतिक, जैविक र सामाजिक-आर्थिक वातावरणको सम्बन्धमा तथ्यांकहरू संकलन गरेका थिए :

➢ **भौतिक वातावरण**

- भूउपयोग र भूमि प्रयोग ढाँचाहरू, टोपोग्राफी, माटोको क्षति, वायु गुणस्तर, ध्वनि स्तर
- सम्भावित भौगोलिक जोखिम, आयोजनाको भौगोलिक अवस्था, आयोजना क्षेत्र भित्र जमिनको स्थिरता
- वायु, माटो तथा जल प्रदूषण को जानकारी

ध्वनि तह मापनको लागि ध्वनि मिटरको प्रयोग गरिएको थियो भने माटो परीक्षणका लागि माटोको नमुना सङ्कलन गरेर प्रयोगशालामा पठाइएको थियो। त्यस्तै नजिक रहेका पानीका मुहानहरूबाट पानीको भौतिक प्यारामिटरहरू पनि नापिएको थियो। स्थलगत भ्रमणबाट ढल-नलको अवस्था सम्बन्धी जानकारी संकलन गरिएको थियो। केन्द्रीय तथ्यांक विभागले प्रकाशित गरेको "Environment Statistics of Nepal , 2019" नामक प्रकाशनबाट मौसमसँग तथा वायुको गुणस्तर सम्बन्धित आवश्यक तथ्यांक लिईयो।

➢ **जैविक वातावरण**

प्रस्तावित आयोजना क्षेत्र भित्र कुनै वन जंगलका साथै रूखहरू नभएपनि यस आयोजना क्षेत्र जैविक हिसाबले महत्वपूर्ण क्षेत्रमा पर्ने हुनाले जैविक वातावरणको बारेमा निम्न तरिकाबाट जानकारी लिईयो।

- स्तनधारी जनावर, चरा चुरुंगी, उभयचर आदि बारेमा  स्थलगत अध्ययन तथा स्थानीय वासी आदिसँग छलफलबाट
- एथ्नो-जैविक सर्वेक्षणको मध्यमबाट स्थानीय व्यक्तिहरूले प्रयोग गर्ने विभिन्न वनस्पति तथा तिनका उपयोगिताहरूका बारेमा स्थानीय बासीहरूसँग साक्षात्कार/छलफलबाट
- अन्त्यमा अध्ययनबाट पाईएका वनस्पति तथा जनावरहरूको संरक्षण को अवस्थाका बारेमा IUCN, CITESतथा नेपाल सरकारको संरक्षित सूचीका आधारमा निर्क्योल गरियो

### ➢ सामाजिक-आर्थिक र सांस्कृतिक वातावरण

परियोजना प्रभावित क्षेत्रको सामाजिक-आर्थिक जानकारी सार्वजनिक परामर्श र प्रमुख जानकारीकर्ता अन्तर्वार्ताको माध्यमबाट संकलन गरिएको थियो। सार्वजनिक संस्था र सामाजिक पूर्वाधार जस्तै विद्यालय, स्वास्थ्य चौकी, खानेपानीको व्यवस्था आदिको बारेमा जानकारी वडा कार्यालय तथा सार्वजनिक परामर्शबाट संकलन गरिएको थियो। प्रस्तावित परियोजनाको प्रभावित क्षेत्र भित्र पर्ने सबै सामाजिक , सांस्कृतिक र धार्मिक महत्व सम्बन्धी स्थानीयहरूको परामर्शमा लिईएको थियो। प्रतिवेदनमा निम्न विवरण र जानकारी समावेश गरिएको छ, जुन प्रभाव क्षेत्रमा क्षेत्र सर्वेक्षण र सार्वजनिक परामर्श मार्फत संकलन गरिएको हो।

- जनसंख्या, जातीयता, बसोबास र प्रभावित क्षेत्रको पेशा
- प्रभावित क्षेत्रको धार्मिक र साँस्कृतिक मुल्य मान्यताहरू
- प्रभावित क्षेत्रको स्वास्थ्य र सरसफाइ अवस्था

### ➢ सार्वजनिक सूचना र सार्वजनिक सुनुवाई

प्रस्तुत संक्षिप्त वातावरणीय अध्ययन सुर्यविनायक नगरपालिकाको कार्यालयबाट स्वीकृत कार्यसूचीको आधारमा तयार पारिएको हो। स्वीकृत कार्यसूची प्राप्त भएपश्चात मिति २०८०/०४/२६ गतेका दिनमा नगरपालिका द्वारा सावर्जनिक सुनुवाइमा उपस्थितिका लागि सूचना प्रकाशन गरि स्थानीय निकायका निर्वाचित जनप्रतिनिधि संगै अन्य सरोकारवालाहरू, स्थानीय संघ संस्था, छिमेकीहरूलाई प्रस्तावित उद्योगको परिसरमा आमन्त्रित गरियो र मिति २०८०/०४/२८ मा १५ जनाको उपस्थितमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरियो। सो अवसरमा स्थानीयवासी, सार्वजनिक संघ — संस्था , छरछिमेकीबाट उठेका सल्लाह, सुझावहरूलाई समावेश गर्दै प्रतिवेदन तयार गरियो। तत् पश्चात स्थानीयवासी, संघ- संस्था तथा छरछिमेकको यस उद्योग निर्माण तथा सञ्चालनबाट आउँदा दिनमा पर्न सक्ने प्रभावहरूको बारेमा राय, सुझावका लागि वडा कार्यालय र अन्य संघ-संस्थाहरूमा सार्वजनिक सूचना टाँस गरि मुचुल्का लिइयो। मिति २०८०/०४/३२ गतेका दिन राष्ट्रिय दैनिक पत्रिका "प्रक्षेपण" मा राय सुझावका लागि १५ दिने सार्वजनिक सूचना प्रकाशित गरियो। सार्वजनिक सुनुवाइ पश्चात स्थानीय निकाय तथा सरोकारवाला संस्थाबाट सिफारिस पत्र संकलन गरियो। अध्ययनकै क्रममा विज्ञ टोलीद्वारा प्रस्तावित उद्योग क्षेत्रको भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक वातावरणको जानकारी संकलन गर्ने उद्देश्य साथ २०८०/०४/२९ र २०८०/०४/३० सम्म प्रस्तावित क्षेत्रको भ्रमण गरियो। संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वातावरण संरक्षण

ऐन, २०७७ मा दिइएको ढाँचा अनुसार स्थानीय व्यक्तिले दिएको सुझाव र सार्वजनिक तथा सामाजिक संस्थाद्वारा दिएको लिखित टिप्पणीहरू समावेश गर्दै प्रतिवेदन तयार पारिएको छ।

**तालिका २ : सार्वजनिक सुनुवाइको बेला प्राप्त टिप्पणीहरू**

| क्र.सं. | मिति, उपस्थिति र ठाउँ | सार्वजनिक सुनुवाइमा प्राप्त टिप्पणीहरू |
|---|---|---|
| १ | २०८०/०४/२८ मा १५ जना | • स्थानीय बासिन्दालाई रोजगारीमा प्राथमिकता दिनु पर्ने<br>• उद्योगहरूबाट निस्कने ठोस तथा तरल फोहोरलाई उचित व्यवस्थापन गर्नु पर्ने<br>• निर्माण कार्य गर्दा वडा कार्यालय सँग समन्वय गरि गरिनु पर्ने<br>• निर्माण कार्य गर्दा ध्वनी, वायु प्रदूषण न्यूनीकरण गरि गरिनु पर्ने |

### २.२.४ प्रभाव पहिचान, आकलन र मूल्यांकन

आयोजनाको निर्माण तथा सञ्चालन चरणमा आयोजनाबाट हुने वा हुनसक्ने प्रभावहरूको मुल्यांकन राष्ट्रिय वातावरण प्रभाव मूल्यांकन निर्देशिका, १९९३ मा दिइएको प्रावधानको आधारमा गरिएको छ। स्थलगत भ्रमणबाट प्राप्त सूचनाहरूको अध्ययन तथा सन्दर्भ ग्रन्थ तथा सामग्रीहरूको पुनरावलोकनबाट प्राप्त जानकारीहरूलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने वा हुन सक्ने संभाव्य प्रतिकूल र अनुकूल प्रभावको पहिचान गरी तिनलाई भौतिक, जैविक, सामाजिक-सांस्कृतिक-आर्थिक गरी तीन शीर्षकमा छुट्याएर वर्गीकरण गरिएको छ। प्रस्तावित क्षेत्रको विशेष अध्ययन गर्दा गरिएको विश्लेषणबाट आएका प्रथम र दोस्रो क्रममा भएका तथ्याङ्क तथा जानकारीलाई संक्षिप्तिकरण गरी आवश्यकता अनुसार तालिकामा राखे तथा प्रतिवेदनको उपयुक्त भागमा समावेश गरी त्यसको संख्या समेत गणना गरिएको छ।

यस प्रस्ताव कार्यान्वयन क्षेत्रको सन्दर्भ सामाग्री पुनरावलोकन तथा फिल्डको अनुगमनबाट प्राप्त जानकारीलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने सम्भाव्य अनुकूल र प्रतिकूल असरहरूको पहिचान गरी त्यसको जैविक, भौतिक, सामाजिक आर्थिक गरी ३ शीर्षक अन्तर्गत छुट्याईएको छ। पहिचान गरिएका सम्भाव्य अनुकूल र प्रतिकूल असरहरूको स्थानीय वातावरणमा भविष्यमा हुन सक्ने परिवर्तनहरूको अनुमान गरिएको छ। वातावरणीय पद्धतिको विश्लेषण गर्न मेट्रिक्स प्रणाली

अपनाईएको छ। प्रस्तावसँग सम्वन्धित नीति, कानुन, नियम, निर्देशिका र पूर्व अनुभव तथा विशेषज्ञताको आधारमा ठहर गरिएको छ।

राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका बमोजिम प्रभावलाई प्रकृति (Nature), मात्रा (Magnitude),सिमा (Extent),र समायावधि (Time) मा वर्गीकरण गरिए बमोजिम प्रकृतिलाई प्रत्यक्ष (Direct) र अप्रत्यक्ष (Indirect) ,मात्रालाई उच्च, मध्यम र निम्न, सिमालाई स्थानीय, स्थान विशेष र क्षेत्रीय र अवधिलाई दीर्घकालिन, मध्यम र अल्पकालीन गरी ३ भागमा विभाजन गरि विश्लेषण गरिएको छ। उपरोक्त बुँदाहरूमा बताइए अनुसार तथ्याङ्क संकलन भए पश्चात् प्राप्त सूचनाहरूलाई अध्ययन गरी आवश्यकता अनुसार प्रष्ट पारिएको छ।

**तालिका ३ : तथ्याङ्क मापनको तरीका**

| मान | मापन | फैलावट | मापन | अवधि | स्कोर |
|---|---|---|---|---|---|
| उच्च | ६० | क्षेत्रीय | ६० | दीर्घकालीन | २० |
| मध्यम | २० | स्थानीय | २० | मध्यमकालीन | १० |
| निम्न | १० | क्षेत्र विशेष | १० | अल्पकालीन | ०५ |

(स्रोत : राष्ट्रिय वातावरण प्रभाव मूल्यांकन निर्देशिका, १९९३)

महत्वका असरहरू (Significant Impact) हरूको निक्र्यौल गर्न तलको तालिका बमोजिम जम्मा स्कोर को जोडफल गणना गरेर गरिएको छ।

**तालिका ४ : औचित्यता मापनको तरीका**

| जम्मा स्कोरको मापन | औचित्यता |
|---|---|
| ७४ भन्दा माथि | धेरै औचित्यवान् अथवा धेरै महत्वपूर्ण |
| ४५ देखि ७४ सम्म | औचित्यवान् अथवा महत्वपूर्ण |
| ४५ भन्दा तल | औचित्यहीन अथवा महत्वहिन |

(स्रोत : राष्ट्रिय वातावरण प्रभाव मूल्यांकन निर्देशिका, १९९३)

## २.२.५ प्रतिवेदन तयार

प्रस्तुत सं.वा.अ., को स्वरूप् वातावरण संरक्षण ऐन, २०७७ अनुरूप माथि उल्लेखित विधि अनुसार अध्ययन टोलीद्वारा तयार गरिएको छ।

# परिच्छेद ३ः प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्ने

## ३.१ प्रस्तावको किसिम :

### ३.१.१ प्रशोधन गर्ने

औद्योगिक ग्राम भित्र उद्योगहरूको प्रकृति अनुसारको प्रशोधन गर्ने योजनाहरू बन्ने छन् र यस प्रस्तावले औद्योगिक ग्राम भित्र उत्सर्जन हुने फोहरमैला तथा फोहरपानीको प्रशोधन गर्ने छ।

### ३.१.२ उत्पादन गर्ने

औद्योगिक ग्राम भित्र संचालन हुने उद्योगहरूको आफ्नो आफ्नो छुट्टै उत्पादन रहने छ। एउटै उत्पादन रहने धेरै उद्योगहरू निर्माण तथा संचालन गर्न यस औद्योगिक ग्रामले निरूत्साहित गर्ने छ।

### ३.१.३ जडान गर्ने

यस औद्योगिक ग्राममा फोहरपानी प्रशोधनका लागि फोहरपानी प्रशोधन उपकरण जडान गरिने छ। उर्जाका लागि आवश्यक अनुसारको ट्रान्सफर्मर/सब स्टेशन जडान गरिने छ। मुख्य सडकबाट यस प्रस्तावित क्षेत्र जोड्ने एक तर्फी बाटोलाई दुइतर्फी बाटो बनाइने छ। पानीको मागलाई परिपूर्ति गर्न डिप-बोरिङ्ग गरिने छ। साना उद्योग र ठूला उद्योगहरूलाई उद्योग अनुसारको बिजुली र पानीको प्रबन्ध गर्ने छ।

### ३.१.४ सेवा प्रवाह गर्ने

यस औद्योगिक ग्राम संचालन क्रममा यस औद्योगिक ग्रामबाट प्रवाह हुने सेवाहरूमा ठुलो र सानो उद्योगको प्रकृति हेरेर स्थान, उर्जा, पानी, नाला र अन्य सुबिधाहरू रहने छन्। यस प्रस्तावमा औद्योगिक ग्रामले प्रस्तावित क्षेत्रमा प्रशासकीय कार्यालयबाट उद्योगहरूको वातवरणीय व्यवस्थापन देखि उद्योग संचालनका लागि आवश्यक तालिम र अन्य सेवाहरूपनि प्रवाह गर्ने छ।

## ३.२ डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्ने

प्रस्तावित औद्योगिक ग्राममा संचालन हुने उद्योगहरूको प्रकृति अनुसारको वस्तुहरू डेलिभरी गर्ने छ। यस प्रस्तावले साना तथा ठुला उद्योगहरू स्थापना तथा संचालनका निम्ति आवश्यक जग्गा तथा अन्य पूर्वाधारहरूको डेलिभरी गर्ने छ।

## ३.३ प्रस्तावको

### ३.३.१ जडान क्षमता

यस औद्योगिक ग्राममा साना तथा ठुला उद्योगहरूका निम्ति आवश्यक अनुसारको ट्रान्सफर्मर/सब स्टेशन जडान गरिने छ। यस प्रस्तावको जम्मा क्षेत्रफलको १०% जग्गा पार्किङ्गका लागि छुट्टाईने छ। यस प्रस्तावमा २ लाख लिटर क्षमता भएको पानीटंकी रहने छ र सवारी साधनहरूलाई इन्धन हाल्न पम्पको पनि व्यवस्था रहने छ। अन्य पूर्वाधारमा सार्वजनिक शौचालय, चमेना गृह, नाला, प्रकोप व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरू यस प्रस्तावमा राखिने छन्।

### ३.३.२ प्रतिदिन वा वर्ष कति घण्टा संचालन हुने

औद्योगिक ग्राम भित्र रहेका उद्योगहरूको आफ्नै स्वीकृत योजना अनुसार संचालन हुने छन्। उद्योगहरूले नेपाल सरकारद्वारा जारी श्रम ऐन, २०७४ अनुसार कामदारहरूको संख्या राखी उद्योग संचालन गर्ने छन्।

## ३.४ प्रयोग गरिने सामाग्री

औद्योगिक ग्रामको निर्माणका क्रममा निर्माण सामाग्रीहरू प्रयोग हुने छन्। संचालन क्रममा यस औद्योगिक ग्राम भित्र रहेको उद्योग अनुसार कच्चापदार्थ र अन्य सामाग्रीहरूको प्रयोग हुने छन्।

## ३.५ प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुने

### ३.५.१ ठोस

निर्माण क्रममा खेर गएका निर्माण सामग्रीहरू र निर्माण कार्यमा संलग्न कामदारहरूबाट निस्कने फोहरमैला र संचालन क्रममा औद्योगिक ग्राम भित्र निर्माण तथा संचालन हुने उद्योगहरूको प्रकृति र क्षमता अनुसारको ठोस पदार्थ निस्कने छ। उद्योग संचालनका लागि उद्योगको वातवरणीय अध्ययन अनुसारको निष्कासन हुने ठोस पदार्थको व्यवस्थापन गर्ने छ र ठोस पदार्थ व्यवस्थापनमा औद्योगिक ग्रामले आफ्नो भूमिका खेल्ने छ।

### ३.५.२ तरल

निर्माण क्रममा दैनिक ३०००० लिटर पानीको आवश्यकता रहने देखिन्छ र निर्माण क्रममा निष्कासन हुने तरल पर्दाथलाई प्रस्तावित क्षेत्र भित्रै सोक्ता निर्माण गरिने छ। संचालन क्रममा पानीटंकी २ लाख लिटर भएतापनि आवश्यकता अनुसार पानीको माग परिपूर्ति गरिने छ र निष्कासन भएको तरल पदार्थलाई यस प्रस्तावमा रहेको फोहरपानी प्रशोधन गर्ने ठाउँमा प्रशोधन गरिने छ। धेरै उद्योगहरू निर्माण हुँदा वर्षाको बेलामा आकाशको पानी जम्मा भएर औद्योगिक

क्षेत्रमा डुबानको समस्या आउन सक्ने छ र वर्षाको पानी व्यवस्थापन गर्न औद्योगिक ग्राम भित्र विभिन्न स्थानमा ४ वटा रिचार्ज पिटको निर्माण गरिने छ जसले भूमिगत पानी भरणका लागि पनि धेरै राम्रो भूमिका खेल्ने छ।

### ३.५.३ हावा

प्रस्ताव निर्माण क्रममा हावामा धूलोको कणहरू मिसिने सम्भावना रहेको छ। खुल्लारूपमा निर्माण सामग्रीको भण्डारण, खेर गएको निर्माण सामाग्री जलाउने कार्य र निर्माण कार्यमा प्रयोग हुने ठुला ठुला निर्माणका मसिनबाट निस्कने धुँवाले हावा प्रदूषण गर्ने छ। संचालन क्रममा उद्योगहरूमा रहने बोइलर, भट्टा, चिम्नीहरूबाट निस्कने धुँवाले हावा प्रदूषण गर्ने सम्भावना रहन्छ।

साथै आयोजना निर्माण स्थलमा गरिएको वायु गुणस्तर राष्ट्रिय वायु गुणस्तर मापदण्ड, २०६९ ले तोकेको मापदण्ड भन्दा कम रहेको पाइयो।

**तालिका ५ : निर्माण स्थलको वायु गुणस्तर**

| सि.नं. | मापन गरिएको स्थान | पि.यम.१० (मा.ग्रा/घ.मि.) | पि.यम.२.५ (मा.ग्रा/घ.मि.) | टि.एस.पी. (मा.ग्रा/घ.मि.) | मापन गरिएको समय | मापन गरिएको यन्त्र |
|---|---|---|---|---|---|---|
| १. | निर्माण स्थल | ३७.३१ | २१.४७ | ११८.५८ | दिउसो १ बजे | Personal Air Sampler |

*(फिल्ड सर्वेक्षण, २०८०)*

### ३.५.४ ग्याँस

संचालनका क्रममा उद्योगहरूमा प्रयोग हुने विभिन्न ग्याँसहरूको पाइप लिक, उद्योगहरूमा प्रयोग हुने विभिन्न केमिकल्सको उचित भण्डारण नहुँदा ग्याँसको निष्कासन हुने सम्भावना रहन्छ। औद्योगिक ग्राम भित्र संचालन हुने साना तथा ठुला उद्योगबाट उत्पादन हुने बस्तुको लामो समय सम्मको भण्डारणले पनि ग्याँसको निष्कासन गर्ने गर्दछ।

### ३.५.५ ध्वनि

प्रस्तावको निर्माण चरणमा प्रयोग हुने विभिन्न ठुला मसिनहरू र संचालन चरणमा उद्योगमा रहेने ठुला मसिनहरूबाट ध्वनिको निष्कासन हुने सम्भावना रहन्छ। प्रयोग भएका मसिनहरूको उचित

मर्मत सम्भार नहुँदा, सवारीसाधनहरूले अनावश्यक हर्नको प्रयोग गर्दा र उद्योगमा मसिनहरूलाई बन्द कोठामा संचालन नगर्दा ध्वनिको निष्कासन भइ प्रदूषण हुने छ।

यस आयोजना निर्माण स्थलमा गरिएको ध्वनीको गुणस्तर राष्ट्रिय ध्वनीको गुणस्तर मापदण्ड, २०६९ ले तोकेको मापदण्ड भन्दा कम रहेको पाइयो।

**तालिका ६ : आयोजना स्थलको ध्वनी गुणस्तर**

| सि.न. | मापन गरिएको स्थान | औसत ध्वनीको गुणस्तर Leq (dBA) | मापन गरिएको समय | मापन गरिएको यन्त्र |
|---|---|---|---|---|
| १. | निर्माण स्थल | ५५ | दिउसो १ बजे | Noise Meter |
| २. | निर्माण स्थल | ५१ | बिहान ७ बजे | Noise Meter |

*(फिल्ड सर्वेक्षण, २०२८०)*

### ३.५.६ धूलो

प्रस्तावको निर्माण चरणमा खुल्ला निर्माणजन्य सामाग्रीहरूको भण्डारण, जमिन सम्माउने कार्यले धुलो निष्कासन हुने छ र संचालन क्रममा उद्योगहरूले वायु गुणस्तर कायम गर्न प्रयोग गरेको फिल्टरको समयानुकूल मर्मत नहुँदा धुलो निष्कासन हुने देखिन्छ। साथै उद्योगहरूले बोइलरमा प्रयोग हुने भूसा र बाहिर खुलारूपमा फोहरमैला जलाउदा पनि धूलो निष्कासन हुने देखिन्छ।

## ३.६ प्रयोग हुने उर्जाको

### ३.६.१ किसिम

यस प्रस्ताव निर्माण हुँदा इन्धन र बिजुली उर्जाको लागि प्रयोग गरिने छ। निर्माण क्रममा नेपाल विद्युत प्राधिकरण सँग बिजुली उर्जा र नजिकमा रहेको बजारबाट इन्धनको आपूर्ति गरिने छ। संचालन क्रममा यस औद्योगिक ग्रामले इन्धनको व्यवस्था आफ्नै हाताभित्र रहने पम्पबाट गर्ने र गराउने छ र बिजुलीको लागि नेपाल विद्युत प्राधिकरणमा निर्भर रहने छ। संचालन क्रममा लोडसेडिङको बेलामा उद्योगीहरूले आफ्नो जेनेरेटरको प्रयोग गर्नुपर्ने हुन्छ। यस औद्योगिक ग्रामले इन्धन र बिजुली उर्जा खपत कम गर्न सोलार बत्तीहरूको प्रयोग गर्ने छ। उद्योगहरूमा प्रयोग हुने बोइलरमा भुस/दाउरा लाई उर्जाको श्रोत बनाइने छ।

### ३.६.२ श्रोत

निर्माण चरणमा बिजुलीका लागि नेपाल विद्युत प्राधिकरण र इन्धनका लागि स्थानीय बजारमा निर्भर रहने छ र संचालनका क्रममा इन्धन आफ्नै हाता भित्र रहेको पम्प र बिजुलीको लागि नेपाल विद्युत प्राधिकरण सँग समन्वय गरिने छ।

### ३.६.३ खपत हुने परिमाण

संचालन चरणमा औद्योगिक ग्राम भित्र रहेका उद्योगहरूको प्रकृति र क्षमता अनुसारको उर्जा आवश्यक रहन्छ।

## ३.७ जनशक्तिको आवश्यकता कति पर्ने

प्रस्ताव निर्माणको कार्यले त्यस क्षेत्रका स्थानीय बासिन्दाको रोजगारीको अवसर सिर्जना गर्दछ। निर्माण चरणमा २५ जना दक्ष जनशक्ति, ६५ जना अर्धदक्ष जनशक्ति र ११० जना अदक्ष जनशक्ति १ वर्षका लागि आवश्यक रहने छ। औद्योगिक ग्रामको निर्माणका क्रममा विभिन्न शिप भएको जनशक्तिको आवश्यकता रहन्छ र संचालन चरणमा कर्मचारी र सहयोगीहरूको आवश्यकता रहने छ। औद्योगिक ग्राम संचालनमा करिव ३५ जना कर्मचारीको आवश्यकता रहने अनुमान गरिएको छ।

## ३.८ प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने

### ३.८.१ कुल पूंजी

औद्योगिक ग्रामको विस्तृत परियोजना प्रतिवेदन अनुसार यस प्रस्ताव कार्यान्वयन हुन करिव ३१ करोड पन्ध्र लाख बाह्र हजार एक सय छ रुपैयाँ साठ्ठी पैसा पूंजी आवश्यक रहेको छ। ३१ करोड पन्ध्र लाख बाह्र हजार एक सय छ रुपैयाँ साठ्ठी पैसा पूँजीमा औद्योगिक ग्राममा प्रशासनिक भवन, चमेना गृह, शौचालय, पर्खाल, गार्ड घर, मुख्य द्वार, बाटो, पानी टंकी र अन्य पूर्वाधारहरूको निर्माण गर्ने योजना रहेको छ। संचालन पश्च्यात नाला निर्माण, बिजुली व्यवस्थापन, कर्मचारीलाई तलव, फोहरपानी प्रशोधन केन्द्र, फोहरमैला प्रसोधन केन्द्र, रिचार्ज पिटहरूको निर्माणका लागि थप पूँजीको आवश्यकता रहने देखिन्छ।

### ३.८.२ चालु पूँजी

यस औद्योगिक ग्रामको निर्माण पश्च्यात यस औद्योगिक ग्राममा निर्माण तथा संचालन हुने विभिन्न उद्योगहरूको क्षमता र प्रकृति हेरेर संचालनको चालु पूँजी रहने छ।

### ३.८.३ जमिनको क्षेत्रफ़ल

यस औद्योगिक ग्रामको निर्माणका लागि जम्मा ४.५३ हेक्टरको जमिनको आवश्यकता रहेको छ।

### ३.८.४ भवन र तिनका किसिम

प्रस्तावित प्रस्तावमा औद्योगिक ग्राम संचालन र व्यवस्थापनका निम्ति २ तले प्रशासकीय भवनको प्रस्ताव गरिएको छ। प्रशासकीय भवनले २४६.४१६ वर्ग मिटरको क्षेत्रफल ओगट्ने छ र एक तले चमेना गृहले ३८.२३ वर्ग मिटरको क्षेत्रफल ओगट्ने छ।

### ३.८.५ मेसिनरी औजार

निर्माण चरणमा निर्माण कार्यका लागि विभिन्न मेसिनरी औजार प्रयोग हुने छन्। निर्माण चरणमा मेसिनरी औजार क्रेन, डोजर, रोलर, ढलान गर्ने मसिन, छड बंगाउने मेसिन र अन्य मेसिनहरू प्रयोग हुने छन्।

संचालन चरणमा यस औद्योगिक ग्राममा निर्माण तथा संचालन हुने उद्योगहरूको प्रकृति र क्षमता हेरीकन मेसिनरी औजार जडान गरिने छ।

## ३.९ प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण

### ३.९.१ नक्सा

प्रस्तावित परियोजना बागमती प्रदेशको भक्तपुर जिल्ला गुण्डु क्षेत्र सुर्यविनायक नगरपालिका वार्ड नम्बर ७ मा पर्दछ। प्रस्तावित क्षेत्र मुख्य सडक (सुर्यविनायक राजमार्ग) बाट करिब २ कि. मि. दुरीमा रहेको छ र प्रस्तावित क्षेत्रमा कच्ची बाटोको पहुँचमार्गको सुविधा छ।




चित्र १ : सुर्यविनायक नगरपालिकामा प्रस्तावको अवस्थिति




चित्र २ : प्रस्तावित औद्योगिक ग्रामको गुरूयोजना चित्र




चित्र ३ : गुगल नक्सामा प्रस्तावित औद्योगिक ग्रामको क्षेत्र

### ३.९.२ सो क्षेत्र र वरिपरिको जनसंख्या र बसोबासको स्थिति

प्रस्तावित औद्योगिक ग्राम बागमती प्रदेश, भक्तपुर जिल्ला, सुर्यविनायक नगरपालिका वडा नं. ७ मा निर्माण गर्न लागिएको हो। वि.स. २०७८ मा गरिएको जनगणना अनुसार सुर्यविनायक नगरपालिकामा ३५,८६५ घरधुरीमा १४०,०८५ जनसंख्या जसमा जम्मा ६९,९१५ पुरूष र ७०,१७० महिला रहेका छन्। यस नगरपालिकाको वडा नं. ७ मा १,७३९ घरधुरी सहित ७१४१ जनसंख्या जसमा जम्मा ३,५३९ पुरूष र ३,६१२ महिला रहेका छन्।

वि.स. २०७८ मा गरिएको जनगणना अनुसार सुर्यविनायक नगरपालिकामा नेवार समुदायको बाहुल्यता रहेको छ। त्यसै गरि ब्राह्मण, राइ, थारू, मगर, नेवार, कामी, आदि जातको बसोबास रहेको छ भने प्रस्तावित क्षेत्रको प्रत्यक्ष प्रभाव क्षेत्रमा जम्मा नेवार, ब्राह्मण, राइ जातको बसोबास राम्रो रहेको पाइयो।

यस नगरपालिकाको वडा नं. ७ स्थित प्रस्तावित क्षेत्रका बासिन्दाहरूको मुख्य पेशा कृषि, पशुपंक्षी पालन र व्यापार व्यवसाय रहेको छ। यस वडाको अधिकांश भाग खेती योग्य र पशुपालनका लागि उपयुक्त रहेको र सिँचाइको पनि सुविधा भएकोले यहाँका बासिन्दाहरूको एक मुख्य आयश्रोत कृषिजन्य उत्पादन रहेको छ। यहाँ मौसम अनुसारका प्रायः सबै तरकारी उत्पादन हुने गरेको छ। उत्पादित बस्तु नगरपालिका भित्र पनि खपत हुने गरेको र प्रस्तावित क्षेत्र राजमार्ग आसपास र राजधानी नजिकै रहेकाले गर्दा उत्पादन भएका उत्पादित वस्तु बिक्री हनु गरेको छ। हाल बढ्दो सहरीकरणको कारण कृषि क्षेत्रमा केही असर देखिदैं आएको छ।

यस वडा नं.७ को प्रस्तावित क्षेत्रमा खासगरी मुख्य बालीहरूमा धान, गहुँ, मकै र साथै तरकारी बालीमा आलु, काउली, बन्दा काक्रा, फर्सी, गोलभैंडा, हरियो साग, कुरिलो खेती हुने गरेको छ। यस प्रस्तावित क्षेत्रका बासिन्दाहरू कृषि सहकारीहरू गठन भई क्रियाशिल रहेका छन्।

यस प्रस्तावित क्षेत्र राजमार्गबाट केही कि.मि. दुरीमा रहेको हुनाले केही व्यापार, व्यवसाय र उद्योग रहेको छन्। साथै वैदेशिक रोजगारी तथा उपत्यकाभित्रका ललितपुर र काठमाण्डौंमा गएर रोजगारी गर्ने पेशा पनि यहाँका धेरैजसो बासिन्दाहरूले गर्ने गरेका छन्। यस प्रस्तावित क्षेत्रमा औद्योगिक ग्रामको निर्माण एवं संचालन पश्चात यस क्षेत्रका बासिन्दाहरूका लागि थप रोजगारी र व्यवसायका अवसरहरू सिर्जना हुने देखिन्छ।

**तालिका ७ : आयोजनाको विवरण**

| | |
|---|---|
| **आयोजनाको नाम** | **गुन्डु औद्योगिक क्षेत्र** |
| **प्रस्तावको अवस्थिति** | |
| प्रदेश | बागमती प्रदेश |
| जिल्ला | भक्तपुर |
| नगरपालिका | सूर्यविनायक |
| वडा नम्बर | ७ |
| भौगोलिक विशेषता | मध्य-पहाडी क्षेत्र |
| फिल्डको निर्देशांक | अक्षांश २७°३९'८.०३" उत्तर<br>देशान्तर ८५°२४'२६.६१" पूर्व |
| क्षेत्रफल | ७.४३ वर्ग कि.मि. |
| नजिकको बजार | सूर्यविनायक |
| मौसम | उप-उष्ण |
| भूगोल | धेरैजसो पहाडको ढिस्को |
| नदीहरू | खोल्सी |
| मौसम | औसत वार्षिक वर्षाः ३६७.४९ मि.मि.<br>अधिकतम तापक्रमः २६ डि.से.<br>न्यूनतम तापक्रमः -३ डि.से. |
| उचाई | अधिकतमः १३४०.९ मिटर<br>न्यूनतमः १३०४.६ मिटर |

| **आयोजनाको नाम** | **गुन्डु औद्योगिक क्षेत्र** |
|---|---|
| खुला क्षेत्र | कुल आयोजनाको करिब ३० प्रतिशत क्षेत्रफलमा मध्यवर्ती एवं मनोरञ्जन क्षेत्र (पार्क, खेलकुद स्थल आदि) |
| प्रस्तावित आयोजनाको क्षेत्रफल | ४.५३ हे. |
| जग्गा विवरण | कित्ता नं.- ३२४ (**स्वामित्वः** नेपाल सरकार, **विवरणः** पर्ती[१] क्षेत्रफलः २९-८-०-० रोपनी)<br>कित्ता नं.- ३७१ (**स्वामित्वः** नेपाल सरकार, **विवरणः** पर्ती[२] क्षेत्रफलः १९-८-०-० रोपनी) |
| प्रस्तावित आयोजनाको निर्माण अवधि | ३ वर्ष |
| प्रस्तावित आयोजनाको कुल लागत | ३१,१५,१२,१०६.६० (मु.अ.क. सहित) |
| रोजगारीको संख्या | निर्माण चरणमा १०० र पूर्ण संचालनमा २५० |
| प्रस्तावित उद्योगहरू | कृषिजन्य वस्तुको प्रशोधन, फलफूल तथा तरकारी प्रशोधन उद्योग, मासु प्रशोधन र मासुका उपज उत्पादन उद्योग, जडीबुटी उद्योग, सुर्ती उद्योग, कृषि-उपज, कुखुरा पालन उद्योग, कृषि-ईनपुट, दुग्ध उत्पादन उद्योग, पिठो मिल, कागज उद्योग, काठ तथा फर्निचर उद्योग, तयारी कपडा उद्योग, अन्यः माल उद्योग, प्याकेजिङ उद्योग |
| औद्योगिक प्लटको न्यूनतम क्षेत्रफल | ०.५ हे. |

[१] भूमिसुधार तथा व्यवस्थापन विभागबाट भक्तपुर जिल्लाको लागि प्रकाशित सरकारी तथा सार्वजनिक जग्गाको विवरण अनुसार (पेज ४८)

[२] भूमिसुधार तथा व्यवस्थापन विभागबाट भक्तपुर जिल्लाको लागि प्रकाशित सरकारी तथा सार्वजनिक जग्गाको विवरण अनुसार (पेज ४८)

| आयोजनाको नाम | गुन्डु औद्योगिक क्षेत्र |
|---|---|
| औद्योगिक प्लटको अधिकतम क्षेत्रफल | ३१८.२ हे. |
| अन्य प्रस्तावित सुविधाहरू | सडक संजाल, पार्किङ्ग, सौचालय, पानी परसोधन, आवासीय भवन, मनोरञ्जनस्थल, धर्मकाँटा (तौल मापन गर्ने पुल) |
| बिजुलीको आवश्यकता | १३२ र ३३ kVA सव-स्टेशन औद्योगिक क्षेत्र भित्र प्रस्ताव गरिएको छ |
| पानीको आवश्यकता र परिपूर्ति | माग = १०,१५,००० लिटर प्रति दिन आयोजनास्थलबाट डिप बोरिङ्ग गरी निकालिने सम्भाव्यता अध्ययनको योजना रहेको<br>२ वटा टयांकी निर्माण गरी संचय गर्ने योजना |
| फोहोर पानी प्रशोधन केन्द्र (Waste Water Treatment Plant/WWTP) | औद्योगिक क्षेत्रको उत्तर-पश्चिमी भागमा एउटा फोहोर पानी प्रशोधन केन्द्र (WWTP) निर्माण गरिनेछ। प्रशोधित पानीलाई तेहिको खोल्सीमा निकास गरिनेछ। स्लजलाई ल्याण्डफिलिङ्ग र भस्मिकरण विधिद्वारा अन्तिम विसर्जन गरिनेछ। |
| फोहोरमैला व्यवस्थापन | औद्योगिक क्षेत्रको उत्तरी कुनामा फोहोर मैला व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।<br>फोहोरमैला व्यवस्थापनमा निम्न बमोजिमको प्राथमिकताक्रम तोकिएको छः Reduce (घटाउने), Reuse (पुनः प्रयोग), Recycle (पुनर्चक्रण), Processing/treatment (प्रशोधन) र Safe Disposal (सुरक्षित विसर्जन)।<br>फोहोरमैलाको अन्तिम विसर्जन ल्याण्डफिलिङ्ग र भस्मिकरण विधिद्वारा गरिनेछ। |

प्रत्यक्ष प्रभाव क्षेत्रमा जीविकोपार्जन गर्न मानिसहरू खेतीपातीमा भर परेको पाइन्छ। यस प्रस्तावको निर्माण तथा संचालनका क्रममा रोजगारको निम्ति धेरै स्थानीयवासीहरू इच्छुक रहेको पाइएको छ।

## ३.९.३ प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशील चिज वा वस्तु रहेको भए त्यस्ता चिजवस्तुको विवरण

प्रस्तावित औद्योगिक ग्राम नजिक कुनै संवेदनशील क्षेत्र पर्दैन।

प्रस्तावित औद्योगिक ग्रामको ३ किलोमिटर उत्तर पुर्वमा सुर्यविनायक गणेश मन्दिर रहेको छ।

## ३.९.४ हालको स्थिति

प्रस्ताव क्षेत्र वरपर वनजंगल र प्रत्यक्ष प्रभाव क्षेत्र भित्र उद्योग तथा कल कारखाना नभएकोले हावाको गुणस्तर राम्रो रहेको पाइयो भने ग्राभेल सडकमा सवारी साधनहरूको आवत जावतले धूलो उडेको पाइएको थियो। प्रस्ताव क्षेत्रमा गरिएको वायु प्रदूषण मापनले बायुमा कण (PM10) ६२ $\mu g/m^3$ रहेको पाइयो भने PM2.5 ९८ रहेको पाइयो।

प्रस्ताव क्षेत्रमा हाल ध्वनिको मापन गर्दा ५५ db डिबि रहेको पाइयो।

प्रस्ताव क्षेत्रमा रहेको नजिकको नहरमा गरिएको नमुना संकलन अनुसार प्रयोगशालामा जाँच गर्दा निम्न मानहरू तालिकामा देखाइएको छ।

**तालिका ८ : प्रस्तावित क्षेत्र नजिक रहेको चतरा नालाको पानीको परीक्षण नतिजा**

| Parameters | Units | NDWQS, 2012 Permissible Value | Water quality of the project area |
|---|---|---|---|
| Color | TCU | - | - |
| Electrical Conductivity | µS/cm | 1500 (max) | 525 |
| pH at 24ºC | - | 6.5-8.5 | 7.1 |
| Total Solid | NTU | - | 180 |
| Turbidity | mg/L | 5 (15) | 5.1 |
| Ammonia-N | mg/L | 1.5 | 0.7 |
| Chloride | mg/L | 250 | 115 |
| Iron | mg/L | 0.3 (3) | 0.04 |
| Nitrate-N | mg/L | 50 | 22 |
| Total Hardness | mg/L as $CaCO_3$ | 500 | 150 |
| Coliform | - | - | Absent |

(स्रोतः फिल्ड सर्वेक्षण,२०८०)

## ३.९.५ पानीको श्रोत

आयोजनाको विस्तृत परियोजना प्रतिवेदन अनुसार प्रस्तावित आयोजनामा पानीको श्रोतका निम्ति १०० देखि १३० मिटर तल डिप बोरिङ्ग गरि पानी पम्प गर्नुपर्ने छ। प्रस्तावमा औद्योगिक ग्राम संचालनका निम्ति २ लाख लिटर क्षमता भएको पानी टंयाकी को निर्माण गरिने छ। जमिन मुनिको पानी पुन भरण गर्नका निम्ति यस आयोजनामा ६ वटा रिचार्ज पिट रहने छन् जसले वर्षाको बेलामा औद्योगिक ग्राम भित्र पानी जम्मा हुन नदिई पानीलाई जमिन मुनि पठाउने काम गर्ने छ।

## ३.९.६ फोहरमैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्था

निर्माण चरणमा निष्कासन हुने जैविक फोहरलाई खाल्डो खनेर व्यवस्थापन गरिने छ। निर्माणका क्रममा खेर गएर निष्कासन भएका फोहरहरूलाई पुन प्रयोग गर्ने अवस्थाको भए पुन प्रयोग गरिने छ, पुन भरण गर्न मिल्ने अवस्थामा भए पुन भरण गरिने छ र केहि काम नलाग्ने व्यवस्थापन गर्न गाह्रो हुने र संवेदनशील रहेका फोहरहरूलाई नगरपालिकाको समन्वयमा व्यवस्थापन गरिने छ।

संचालन क्रममा उद्योगहरूबाट निष्कासन हुने फोहरमैलालाई जैविक र अजैविक फोहरमा वर्गीकरण गरिने छ।जैविक फोहरमैलालाई मल बनाउने अथवा नजिकको कुनै बायो ग्याँस उद्योगलाई निर्यात गरिने छ र अजैविक फोहरको वर्गीकरण गरेर पुन प्रयोग गर्न मिल्ने फोहरलाई पुन प्रयोग गरिने छ र पुन प्रयोग गर्न नमिल्ने फोहरलाई यस औद्योगिक ग्रामले आफ्नै हाताभित्र व्यवस्थापन गर्ने छ।

# परिच्छेद ४ : प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव

यस परिच्छेदमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने अनुकूल प्रभावहरू तथा प्रतिकूल प्रभावहरू लाई पहिचान गरिएको छ। यसरी अनुकूल प्रभावहरू तथा प्रतिकूल प्रभावहरूलाई निर्माण अवधि र सञ्चालन अवधि अनुसार भौतिक वातावरण, जैविक वातावरण तथा सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरणमा अनुसार उल्लेख गरिएको छ। प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने प्रभावहरूको तह निर्धारण परिमाण, सीमा, समयावधि, प्रत्यक्ष र अप्रत्यक्ष अनुसार वर्गीकरण गरीएको छ।

## ४.१ अनुकूल प्रभावहरू

### ४.१.१ निर्माण अवधि

- **रोजगारीको अवसर**

प्रस्ताव निर्माणको कार्यले त्यस क्षेत्रका स्थानीय बासिन्दाको रोजगारीको अवसर सिर्जना गर्दछ। निर्माण चरणमा २०० जना जनशक्ति १२ महिनाको लागि खपत हुने देखिन्छ। ११० जना अदक्ष जनशक्ति, ६५ जना अर्धदक्ष जनशक्ति तथा २५ जना दक्ष जनशक्तिको आवश्यक पर्ने देखिन्छ। यसले गर्दा स्थानीय बासिन्दाले रोजगारको अवसर पाई आयश्रोत बढ्ने देखिन्छ।

- **सीपको वृद्धि**

स्थानीयमा रोजगारीको अवसरले अदक्ष जनशक्तिले निर्माणमा संलग्न दक्ष जनशक्तिबाट आयोजना निर्माण सम्बन्धी कामहरू जस्तै डकर्मी तालिम, सिर्कमी, मेसिन जडान सम्बन्धी कार्य, बिजुली जडान तथा मर्मत सम्बन्धी कार्य आदि कार्यमा आफ्नो सीप विकास गर्ने अवसर मिल्ने छ।

- **स्थानीयमा आर्थिक क्रियाकलापको अवसर**

प्रस्ताव निर्माण चरणमा आवश्यक पर्ने निर्माण सामग्रीहरू सिमेन्ट, बालुवा, ढुङ्गा, गिट्टी, ईट्टा तथा स्रोत साधनहरू स्थानीय बजारबाट खरीद गर्ने प्राथमिकता लिइनेछ जसले गर्दा स्थानीय बजारमा आर्थिक क्रियाकलापमा टेवा पुग्ने छ।

### ४.१.२ सञ्चालन अवधि

- **रोजगारीको अवसर**

औद्योगिक ग्राम भित्र निर्माण तथा संचालन हुने उद्योगहरू र औद्योगिक ग्रामको व्यवस्थापन कार्य आदिको लागि स्थानीय बजारमा रोजगारीको सृजना हुने छ त्यसै गरि ग्राम भित्र संचालन

हुने उद्योगमा लोडअनलोड गर्न, मसिनहरू चलाउन र अन्य कामका लागि स्थानीयहरूलाई रोजगारीमा अवसर हुनाले उनीहरूसँग आश्रितहरूलाई समेत सहयोग पुग्ने छ।

- **स्वदेशमै उत्पादित सामाग्रीको उपलब्धता**

स्थानीय कच्चा पदार्थको प्रयोग गरेर यस ग्राममा स्थापना तथा संचालन हुने उद्योगहरूले उत्पादन गर्दा बजारमा स्वदेशमै उत्पादित सामग्रीहरू सुपथ मूल्यमा उपलब्ध हुन्छ। प्रस्ताव गरिएको औद्योगिक ग्राममा विभिन्न उद्योग निर्माणले स्थानीय बासिन्दाहरूलाई यस्तै उद्योगी बन्न र व्यापारमा लग्न प्रोत्साहन गर्ने छ।स्थानीय बजारमा स्थानीय उत्पादनको उपलब्धताले निकै महत्वपूर्ण भूमिका खेल्ने छ।

- **राजश्व संकलनमा टेवा**

स्थानीय स्तरमा उद्योगहरू खुल्दा नगरपालिका तथा केन्द्रीय सरकारको राजश्व सङ्कलनमा टेवा पुग्दछ। उद्योगमा आउने कच्चा पदार्थ तथा उत्पादित सामाग्री बेच्दा पालिका तथा सरकारलाई राजश्व सङ्कलनमा टेवा पुग्दछ। सङ्कलन भएको राजश्वले नगरपालिका तथा केन्द्रीय सरकारले विभिन्न विकास निर्माणका कामहरू गर्न सक्छ। तसर्थ स्थानीय तवरमा उद्योगहरू खुल्नुले स्थानीय विकाशका संरचनाहरू निर्माण हुनमा सहयोग पुर्याउने देखिन्छ।

- **सामाजिक दायित्व सृजना**

यस औद्योगिक ग्राममा उद्योगहरू संचालन लगतै, औद्योगिक व्यवसाय ऐन, २०७३ अनुसार उद्योगले कुल नाफाको एक प्रतिशत रकम सामाजिक कार्यमा खर्च गर्नु पर्न रहेको छ। यस औद्योगिक ग्राममा संचालन हुने उद्योगहरूले पनि सामाजिक दायित्वका निम्ति विभिन्न योजनाहरू तय गर्ने छन्। सामाजिक दायित्व कार्यक्रममा उद्योगहरूले विभिन्न जनचेतना मुलक कार्यक्रमहरू र अन्य कार्यक्रमहरू गर्ने छ।

## ४.२ प्रतिकूल प्रभावहरू

### ४.२.१ भौतिक वातावरण

#### ४.२.१.१ निर्माण अवधि

- **जमिनको प्रयोगमा हुने परिवर्तन**

यस औद्योगिक ग्राम पोइन्ट आयोजना भएकोले यस प्रस्तावबाट हुने जमिनको परिवर्तन प्रस्ताव क्षेत्रमा मात्र सीमित हुने देखिन्छ। प्रशासकीय भवन, चमेना गृह, पार्किङ्ग, फोहरपानी प्रशोधन केन्द्र, र अन्य पूर्वाधारहरूका लागि जमिन प्रस्ताव गरिएको छ।

- **निर्माणजन्य सामाग्रीको भण्डारणको प्रभाव**

प्रस्ताव स्थलमा निर्माणजन्य सामाग्रीहरूको उचित तरिकाबाट व्यवस्थापन नभएमा धुलो उड्नाले वायु प्रदूषण, वर्षातको समयमा निर्माणजन्य सामाग्रीहरू बगाएर औद्योगिक ग्राम रहने क्षेत्र तथा स्थानीय जग्गामा हानी पुराउने देखिन्छ।

- **वायु प्रदूषण**

निर्माणको चरणमा जमिन सम्याउने र निर्माण जन्य सामाग्रीहरूको ढुवानी गर्दा साधनहरूको प्रयोगले पहुँच मार्गमा हुने वायु प्रदूषण तथा ढुवानी साधनहरूबाट निष्कासन हुने धुँवा बाट हुने वायु प्रदूषणको असर स्थानीयमा पर्न सक्छ।

- **ध्वनी प्रदूषण**

निर्माणको चरणमा जमिन सम्याउने, भवन निर्माणको लागि जमिनमा खाल्डो खन्ने कार्य तथा निर्माण कार्यहरूमा प्रयोग हुने मेसिनरीहरूबाट स्थानीय ध्वनी प्रदूषण हुन सक्छ।

- **फोहोरमैला निष्कासन बाट हुने प्रदूषण**

निर्माण कार्यमा सलंग्न जनशक्तिहरूबाट जैविक र अजैविक दुई किसिमका फोहोरहरू निष्कासन हुन्छ। निर्माण चरणमा संलग्न हुने २०० जनशक्तिहरूबाट दैनिक १६ के.जी फोहोर निष्कासन हुने अनुमान गरिएको छ। जैविक फोहोरमैलाको उचित व्यवस्थापन नभएमा फोहोर कुहिएर गन्ध तथा झिंगाले स्थानीय वातावरणमा असर पर्न सक्छ। निर्माण कार्यमा प्रयोग भएको निर्माण सामाग्रीहरूबाट निर्माण जन्य फोहोरमैला निष्कासनले निर्माण पश्चात यसको उचित व्यवस्थापन नभएमा स्थानीय वातावरणमा असर पर्न सक्छ।

- **पहुँच मार्गमा हुने क्षति**

निर्माण कार्यमा चाहिने निर्माणजन्य सामाग्रीहरूको ढुवानीमा प्रयोग हुने साधनहरूबाट स्थानीय पहुँच मार्गको क्षति हुने सम्भावना रहेको देखिन्छ। उद्योग निर्माणका चरणमा भारी भारी यन्त्र तथा सामानहरू ल्याउदा पहुँच मार्गमा क्षति हुने गर्दछ।

### ४.२.१.२ सञ्चालन अवधि

- **फोहोरमैला बाट हुने प्रदूषण**

औद्योगिक ग्राममा संचालन हुने विभिन्न उद्योगहरूको संचालन अवधिमा, उद्योगहरू बाट निस्कने खेर गएको फोहोरहरूको उचित तरिकाबाट व्यवस्थापन नभएमा स्थानीय वातावरणमा असर पर्ने

देखिन्छ। उद्योगहरू भित्रै कामदारहरू तथा भान्साबाट निस्कने फोहोर मैलाको उचित व्यवस्था नहुँदा रोगहरू लाग्ने समस्या आउन सक्छ। उद्योगहरूमा काम गर्ने कामदारका लागि राम्रो शौचालय नहुँदा औद्योगिक क्षेत्रमा प्रदूषण बढ्ने र विभिन्न रोगहरू लाग्ने सम्भावना बढी रहने छ।

- **प्राकृतिक पानीको निकासमा हुने अवरोध**

संचालनको चरणमा साना उद्योगलाई छुट्टाइएको क्षेत्रफ़ल र ठूला उद्योगलाई छुट्टाइएको क्षेत्रफलमा विभिन्न उद्योगहरूको भवनहरू बनेका कारण जग्गामा परेको पानीले उचित निकास नपाउँदा औद्योगिक ग्राम भित्रै वा नजिकका जग्गाहरूमा पानी जम्ने सम्भावना उत्तिकै रहन्छ।

- **वायु प्रदूषण**

संचालन चरणमा औद्योगिक ग्राममा निर्माण तथा संचालन हुने उद्योगहरूमा आयात हुने कच्चा पदार्थ अनलोड गर्दा वायु प्रदूषण हुने गर्दछ। यसै गरी उद्योगहरूमा उर्जाका निम्ति प्रयोग हुने बोइलर, भट्टा र विभिन्न केमिकल्सहरूबाट वायु प्रदूषण हुने सम्भावना रहन्छ। संचालन क्रममा उद्योगहरूले फोहरमैला खुल्ला रूपमा जलाउँदा पनि वायु प्रदूषणको सम्भावना रहन्छ।

- **भूमिगत पानीको दोहन**

औद्योगिक ग्राममा २ लाख लिटर पानी टंकीको निर्माण हुने छ। उद्योगहरूलाई आवश्यक पर्ने पानी डिप बोरिङ्ग गरेर भूमिगत पानीलाई प्रयोगमा ल्याइने छ। औद्योगिक ग्राममा सबै उद्योगहरू संचालनमा आउदा दैनिक ५०,००० भन्दा धेरै लिटर सम्म पानी खपत हुने अनुमान गरिएको छ, औद्योगिक ग्राम वरपरको जमिनको प्राकृतिक बनोट कडा नहुने भएकाले भूमिगत पनि रिचार्जमा समस्या भने आउँदैन।

- **पहुँच मार्गमा हुने क्षति**

उद्योगमा कच्चा पदार्थ ल्याउँदा र उत्पादित सामाग्री बजार पुर्याउँदा हाल रहेको पहुँच मार्गमा असर पुग्ने छ। पहुँच मार्गमा गाडीको चाप हुँदा र बाटो राम्रो नहुँदा दुर्घटना हुने सम्भावना बढ्छ।

## ४.२.२ जैविक वातावरण

### ४.२.२.१ निर्माण अवधि

- **स्थानीय वनस्पतिमा पर्ने असर**

यस औद्योगिक ग्राम नजिकमा वन रहेका कारण निर्माण सामाग्रीको खुल्ला भण्डारण र अव्यवस्थित जमिन सम्याउने काम, खन्ने काम गर्दा धूलो निष्कासन भइ नजिकमा रहेको वनस्पतिमा असर पर्ने देखिन्छ।

### ४.२.२.२ संचालन अवधि

- **स्थानीय वनस्पतिमा पर्ने असर**

औद्योगिक ग्राममा संचालन हुने उद्योगहरूको समयानुकूल अनुगमन, मर्मत सम्भार नहुँदा उद्योगबाट निस्कने प्रदूषण बढ्ने छ र वायु प्रदूषण सहित नजिकमा रहेको वनस्पतिमा असर पर्ने देखिन्छ।

### ४.२.३ सामाजिक-आर्थिक वातावरण

### ४.२.३.१ निर्माण अवधि

- **निर्माण कार्यमा संलग्नहरूको पेशागत स्वास्थ्य तथा सुरक्षा**

निर्माण अवधिमा संलग्न मानवहरूबाट निर्माण सामानहरू लोड र अनलोड गर्दा, मेसिनरी उपकरणहरू सञ्चालनमा आदि विभिन्न निर्माण सम्बन्धी कार्यहरू गर्दा दुर्घटनाहरू हुन सक्ने, निर्माण स्थलमा शौचालय, सफा पिउने पानीको व्यवस्थापन र सरसफाई नभएको अवस्था तथा निर्माण कार्यहरू गर्दा निष्कने धुलो र ध्वनीले स्वास्थ्य सम्बन्धी असरहरू पर्ने देखिन्छ।

- **निर्माण कार्यमा संलग्न मानवहरू तथा स्थानीय बासिन्दा बीच झैझगडा**

निर्माण कार्यमा संलग्न बाहिरी मानवहरू तथा स्थानीयहरूको रहनसहन तथा संस्कृतिमा भिन्नताका कारणले संलग्न मानवहरू तथा स्थानीय बासिन्दा बीच झैझगडा हुन सक्ने सम्भावना रहन्छ।

- **लैंगिक भिन्नता र बाल श्रम**

निर्माण कार्यमा संलग्न पुरुष तथा महिला श्रमको ज्यालामा भिन्नता हुन सक्ने तथा निर्माण कार्यस्थलमा विभिन्न कामहरूको लागि न्यून ज्यालादारीमा बाल श्रमको प्रयोग हुने सम्भावना रहने गर्दछ।

- **गुनासो व्यवस्थापन**

निर्माण चरणमा निर्माण कार्यको गुणस्तर तथा स्थानीय वातावरणमा परेको प्रभावहरूबारे र नयाँ आउन सक्ने थप वातावरणीय मुद्दाहरू समयमै व्यवस्थापन नभएमा स्थानीय वातावरणमा असर पर्ने देखिन्छ।

### ४.२.३.२ सञ्चालन अवधि

- **उद्योग संचालनका क्रममा कामदारबीच हुने झैंझगडा**

यस औद्योगिक ग्राम र औद्योगिक ग्राम भित्र रहने उद्योगहरूको संचालनका क्रममा लगभग ३०० जना जनशक्ति आवश्यक रहन्छ। विभिन्न तह र क्षमताका कामदारहरू चाहिने हुँदा

स्थानीय नभई बाह्य क्षेत्रबाट ल्याउनुपर्ने हुन्छ। कामदारहरूको संस्कृति, भाषा, फरक अनुभव, कामदार बीच हुने भिन्नताले कामदारबीच झैझगडा हुन सक्छ।

- **स्वास्थ्य तथा सरसफाई**

औद्योगिक ग्राम भित्र संचालन हुने उद्योग भित्र खाने राम्रो व्यवस्था नहुँदा, भित्रि कामदारहरू बिमारी भइ बाहिरको स्थानीय बासिन्दालाई पनि असर पुर्याउन सक्ने सम्भावना रहन्छ। तथा स्थानीय बासिन्दामा स्वास्थ्य सम्बन्धी असर पर्न सक्छ।

- **पेशागत स्वास्थ्य सुरक्षा**

औद्योगिक ग्राममा संचालन हुने उद्योगमा सावधान नभईकन काम गर्दा दुर्घटना हुने सम्भावना निकै रहन्छ। कामदारहरूले आफ्नो काम बाहेक अरूको काम कुनै सीप बिना गर्न खोज्दा गम्भीर दुर्घटना हुन सक्छ। मसिनहरू संचालन गर्दा र कच्चा पदार्थ अनलोड गर्दा, उत्पादित सामग्री लोड गरी ढुवानी गाडीमा हाल्दा निकै सावधानीपूर्व गर्नु पर्ने हुन्छ। संचालनका क्रममा विभिन्न उद्योगहरूले केमिकल्सहरू प्रयोग गर्ने हुँदा उद्योगहरूमा काम गर्ने सबै कामदारहरूले स्वास्थ्य सुरक्षाका उपकरणहरू जस्तै मास्क, पन्जा, हेल्मेट, बूट, चस्मा आदि नलगाउँदा उनीहरूको स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ।

- **प्रकोप व्यवस्थापन**

सञ्चालन अवधिमा आगलागी, भूकम्प जस्ता प्राकृतिक तथा मानव निर्मित प्रकोपको सम्भावना रहन्छ। भूकम्पको बेलामा चाङ्ग लगाएर राखेको उत्पादित सामग्री पल्टिँदा, आगलागी हुँदा कच्चा पदार्थले छिटै आगो समात्ने हुँदा मानवीय क्षति हुन सक्छ। आगलागी तथा भूकम्पको बेलामा उचित आकस्मिक निष्कासन द्वार नहुँदा, भित्र रहेका कामदारहरू भागाभागमा मानवीय क्षति हुन सक्ने सम्भावना उत्तिकै रहेको छ। औद्योगिक ग्राम भित्र रहने उद्योगहरूले प्रकोप योजना नबनाई संचालन गर्दा गम्भीर दुर्घटना हुने सम्भावना रहन्छ।

## तालिका ९ : अनुकूल प्रभावहरूको तह निर्धारण र मूल्याङ्कन

| प्रस्तावका कार्य | अनुकूल प्रभावहरू | प्रभावको तह निर्धारण | | | | | कति महत्वपुर्ण |
|---|---|---|---|---|---|---|---|
| | | प्रकृति | परिमाण | सीमा | अवधि | जम्मा अङ्कमान | |
| **निर्माण अवधि** | | | | | | | |
| १. | रोजगारीको अवसर | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | अल्पकालीन (०५) | ४५ | महत्त्वहिन |
| २. | सीपको वृद्धि | प्रत्यक्ष | निम्न (१०) | स्थानीय (२०) | अल्पकालीन (०५) | ३५ | महत्त्वहिन |
| ३. | स्थानीयमा आर्थिक क्रियाकलापको अवसर | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | मध्यम (१०) | ५० | महत्त्वपूर्ण |
| **सञ्चालन अवधि** | | | | | | | |
| १. | रोजगारीको अवसर | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालीन (२०) | ६० | महत्त्वपूर्ण |
| २. | स्वदेशी उत्पादन सामाग्रीको उपलब्धता | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालीन (२०) | ६० | महत्त्वपूर्ण |
| ३. | राजश्व संकलन | प्रत्यक्ष | उच्च (६०) | क्षेत्रीय (६०) | दीर्घकालीन (२०) | १४० | धेरै महत्त्वपूर्ण |
| ४. | सामाजिक दायित्व सृजना | प्रत्यक्ष | उच्च (६०) | क्षेत्रीय (६०) | दीर्घकालीन (२०) | १४० | धेरै महत्त्वपूर्ण |

(स्रोतः स्थलगत भ्रमण तथा छलफलमा आधारित)

## तालिका १० : प्रतिकूल प्रभावहरूको तह निर्धारण र मूल्याङ्कन

| प्रस्तावका कार्य | प्रतिकूल प्रभावहरू | प्रभावको तह निर्धारण | | | | | कति महत्वपुर्ण |
|---|---|---|---|---|---|---|---|
| | | प्रकृति | परिमाण | सीमा | अवधि | जम्मा अङ्कमान | |
| **भौतिक वातावरण** | | | | | | | |
| **निर्माण अवधि** | | | | | | | |
| १. | जमिनको प्रयोगमा हुने परिवर्तन | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | अल्पकालीन (०५) | ३५ | महत्त्वहिन |
| २. | निर्माणजन्य सामाग्रीको भण्डारणको प्रभाव | प्रत्यक्ष | निम्न (१०) | स्थलगत (१०) | अल्पकालीन (०५) | २५ | महत्त्वहिन |
| ३. | वायु प्रदूषण | प्रत्यक्ष | निम्न (१०) | स्थलगत (१०) | अल्पकालीन (०५) | २५ | महत्त्वहिन |
| ४. | ध्वनी प्रदूषण | प्रत्यक्ष | निम्न (१०) | स्थलगत (१०) | अल्पकालीन (०५) | २५ | महत्त्वहिन |
| ५. | फोहोरमैला निष्कासन बाट हुने प्रदूषण | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | मध्यम (१०) | ४० | महत्त्वहिन |
| ६. | पहुँच मार्गमा हुने क्षति | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | मध्यम (१०) | ५० | महत्त्वपूर्ण |
| **सञ्चालन अवधि** | | | | | | | |

| प्रस्तावका कार्य | प्रतिकूल प्रभावहरू | प्रभावको तह निर्धारण | | | | | कति महत्वपुर्ण |
|---|---|---|---|---|---|---|---|
| | | प्रकृति | परिमाण | सीमा | अवधि | जम्मा अङ्कमान | |
| १. | फोहोरमैला बाट हुने प्रदूषण | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | मध्यम (१०) | ४० | महत्त्वहिन |
| २. | प्राकृतिक पानीको निकासमा हुने अवरोध | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | मध्यम (१०) | ४० | महत्त्वहिन |
| ३. | वायु प्रदूषण | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालीन (२०) | ६० | महत्त्वपूर्ण |
| ४. | भूमिगत पानीको दोहन | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | मध्यम (१०) | ४० | महत्त्वहिन |
| ५. | पहुँच मार्गमा हुने क्षति | प्रत्यक्ष | निम्न (१०) | स्थलगत (१०) | अल्पकालीन (०५) | २५ | महत्त्वहिन |
| **जैविक वातावरण** | | | | | | | |
| **निर्माण अवधि** | | | | | | | |
| १. | स्थानीय वनस्पतिमा पर्ने असर | प्रत्यक्ष | निम्न (१०) | स्थलगत (१०) | अल्पकालीन (०५) | २५ | महत्त्वहिन |
| **सञ्चालन अवधि** | | | | | | | |

| प्रस्तावका कार्य | प्रतिकूल प्रभावहरू | प्रभावको तह निर्धारण | | | | | कति महत्वपुर्ण |
|---|---|---|---|---|---|---|---|
| | | प्रकृति | परिमाण | सीमा | अवधि | जम्मा अङ्कमान | |
| १. | स्थानीय वनस्पतिमा पर्ने असर | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालीन (२०) | ६० | महत्त्वपूर्ण |
| **सामाजिक-आर्थिक वातावरण** | | | | | | | |
| **निर्माण अवधि** | | | | | | | |
| १. | निर्माण कार्यमा संलग्नहरूको पेशागत स्वास्थ्य तथा सुरक्षा | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | मध्यम (१०) | ४० | महत्त्वहिन |
| २. | निर्माण कार्यमा संलग्न मानवहरू तथा स्थानीय वासीन्दा बीच झैझगडा | अप्रत्यक्ष | निम्न (१०) | स्थलगत (१०) | अल्पकालीन (०५) | २५ | महत्त्वहिन |
| ३. | लैंगिक भिन्नता र बाल श्रम | प्रत्यक्ष | निम्न (१०) | स्थलगत (१०) | अल्पकालीन (०५) | २५ | महत्त्वहिन |

| प्रस्तावका कार्य | प्रतिकूल प्रभावहरू | प्रभावको तह निर्धारण | | | | | कति महत्वपुर्ण |
|---|---|---|---|---|---|---|---|
| | | प्रकृति | परिमाण | सीमा | अवधि | जम्मा अङ्कमान | |
| ४. | गुनासो व्यवस्थापन | प्रत्यक्ष | निम्न (१०) | स्थलगत (१०) | अल्पकालीन (०५) | २५ | महत्त्वहिन |
| **सञ्चालन अवधि** | | | | | | | |
| १. | उद्योग संचालन क्रममा कामदारबीच हुने झैंझगडा | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | अल्पकालीन (०५) | ४५ | महत्त्वहिन |
| २. | स्वास्थ्य तथा सरसफाई | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | अल्पकालीन (०५) | ३५ | महत्त्वहिन |
| ३. | पेशागत स्वास्थ्य सुरक्षा | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | दीर्घकालीन (२०) | ६० | महत्त्वपूर्ण |
| ४. | प्रकोप व्यवस्थापन | प्रत्यक्ष | मध्यम (२०) | स्थलगत (१०) | दीर्घकालीन (२०) | ५० | महत्त्वपूर्ण |

(स्रोतः स्थलगत भ्रमण तथा छलफलमा आधारित)

# परिच्छेद ५ : प्रस्ताव कार्यान्वयनका विकल्प

## ५.१ प्रस्ताव कार्यान्वयन नगर्ने

प्रस्ताव कार्यान्वयन नगर्ने विकल्पलाई स्विकार गर्ने हो भने यस औद्योगिक ग्राममा निमार्ण नहुनाले पालिका वरपरको क्षेत्र, बजार क्षेत्रका बासिन्दाको लागि स्वदेशमै उत्पादित सामग्रीको उपलब्धता नहुने र औद्योगिक ग्राम जस्तो उद्योगीहरूलाई उत्साहित गर्ने योजना लागु नहुँदा उद्योग खोल्ने कार्यहरू कम हुने र देशमा स्थानीय श्रोतमै उपलब्ध कच्चा पदार्थको प्रयोग नहुने र उत्पादनमा आयातको मात्र भर पर्नुपर्ने देखिन्छ।

अध्ययनबाट प्राप्त विकल्पको विश्लेषण गर्दा विकल्पहरूमा प्रस्तावित औद्योगिक ग्राममा निमार्ण नगर्ने विकल्पलाई अस्वीकार गरिएको छ।

## ५.२ प्रस्तावका विकल्पहरू

### ५.२.१ आयोजना स्थल

प्रस्तावित औद्योगिक ग्राम रहने क्षेत्र बाझो जमिनमा रहेको र घना बस्ती भन्दा यस औद्योगिक ग्राम रहने क्षेत्र टाढा रहेको र यस औद्योगिक ग्रामबाट निष्कासन हुने धुँवा र ध्वनीको असर बस्तीमा निकै कम हुने हुनाले प्रस्तावित क्षेत्र यस औद्योगिक ग्रामको लागि उपयुक्त रहेको छ।

### ५.२.२ वैकल्पिक डिजाइन

यस प्रस्तावको डिजाइन गर्दा यस औद्योगिक ग्रामले यस ग्राम तथा यस ग्राममा निर्माण संचालन हुने उद्योगहरू प्रविधियूक्त बनाउने र वातावरणीय प्रभाव न्यून हुने गरि योजना तय गरेको छ। यस औद्योगिक ग्राममा संचालन हुने उद्योगहरूको सम्पूर्ण मसिन तथा उपकरणहरू यस आयोजनाले कम बायु तथा ध्वनी प्रदूषण गर्ने गरि मात्र स्वीकृत गर्ने छ।

### ५.२.३ प्रक्रिया, समय तालिका

रातको समयमा उद्योगहरूको संचालन कार्य गर्दा स्थानीय बासिन्दाहरू निन्द्रामा खलबल हुने र उद्योगहरू रहेको स्थानमा पुग्ने सवारी तथा उद्योगहरूको मसिनले ध्वनी तथा वायु प्रदूषण हुनाले दिउसोको समयमा मात्र कार्य गर्ने विकल्पलाई लिइएको छ। औद्योगिक ग्रामको निर्माण कार्यमा चाहिने मेसिनरीहरूको प्रयोग गर्न बिहान ९ बजे देखि बेलुका पाँच बजे सम्म मात्र गर्ने प्रबन्ध मिलाउने विकल्पलाई अपनाइएको छ। औद्योगिक ग्राम भित्र कम ध्वनी प्रदूषण गर्ने उद्योगले नेपाल सरकार द्वारा जारी श्रम ऐन २०७४ अनुसार कामदारहरूको पालो मिलाएर संचालन गराउने विकल्पलाई अपनाइएको छ।

# परिच्छेद ६ : वातावरणीय व्यवस्थापन योजना खाका

वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुसार अनुगमन कार्यमा प्रस्तावक जिम्मेवार निकाय हुन्छ। विभिन्न वातावरणीय समस्याहरू, प्रतिकूल प्रभावहरूको न्यूनीकरणका उपायहरू, अनुकूल प्रभावका अभिवृद्धि आदि ठीक र सही ढंगबाट कार्यान्वयन भइरहेको छ वा छैन भनी अध्ययन गर्न अनुगमन गर्न अनिवार्य आवश्यकता हो। वातावरणमैत्री क्रियाकलापहरूको कार्यान्वयनले मात्र वातावरणीय प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण गर्न सकिन्छ। अनुगमन नियमित र कडाईका साथ भएन भने कार्यान्वयन पक्ष फितलो र अप्रभावकारी हुन्छ। यस वातावरणीय व्यवस्थापन योजनाले वातावरण संरक्षणका उपायहरू उपयुक्त रूपमा कार्यान्वयन गर्नलाई कसरी गर्ने, कहिले गर्ने, कसले गर्ने तथा अनुमानित बजेट तथा अनुगमनको जिम्मेवारी प्रस्तुत गरिएको छ।

## तालिका ११ : अनुकूल प्रभावहरू बढोत्तरीका उपायहरूबारे वातावरणीय व्यवस्थापन योजना

| अनुकूल प्रभावहरू | प्रभाव बढोत्तरीका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| **निर्माण चरण** | | | | | | | | | |
| रोजगारीको अवसर | • स्थानीय बासिन्दाहरूलाई रोजगारीमा पहिलो प्राथमिकता दिनु पर्ने प्रावधानको व्यवस्था मिलाउने।<br>• आर्थिक आय आर्जन न्यून भएका स्थानीयहरूलाई रोजगारीमा प्राथमिकता दिने व्यवस्था मिलाउने। | - | - | परियोजना लागतमा समावेश | उद्योगमा | आवश्यकता अनुसार | प्रस्तावक | १ | श्रमिक /कर्मचारी रजिस्टर |
| सीपको वृद्धि | • काममा संलग्न दक्ष जनशक्तिबाट अदक्ष जनशक्तिलाई डकर्मी, सिकर्मी, बिजुली जडान, उद्योगका मसिनहरू जडान तथा मर्मत आदि कार्यको निर्माण समयमै तालिम दिने व्यवस्था मिलाउने। | पटक | १ | १५०,००० | उद्योगमा | निर्माण चरणमा एक पटक | प्रस्तावक | १० | तालिमको माईनुट |

| अनुकूल प्रभावहरू | प्रभाव बढोत्तरीका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीयमा आर्थिक क्रियाकलापको अवसर | • आयोजनाका निर्माण लागि आवश्यक स्रोत साधनको प्रयोग गर्दा स्थानीय स्रोत साधनको प्रयोगलाई प्राथमिकताको व्यवस्था मिलाउने | - | - | परियोजना लागतमा समावेश | औद्योगिक ग्रामको सामान खरिद बिक्री कक्ष | आवश्यकता अनुसार | प्रस्तावक | १ | बिल/अर्डर |
| **सञ्चालन चरण** | | | | | | | | | |
| रोजगारीको अवसर | • स्थानीय बासिन्दाहरूलाई रोजगारीमा पहिलो प्राथमिकता दिनु पर्ने प्रावधानको व्यवस्था मिलाउने।<br>• आर्थिक आयआर्जन न्यून भएका स्थानीयहरूलाई रोजगारीमा प्राथमिकता दिने व्यवस्था मिलाउने। | - | - | परियोजना लागतमा समावेश | औद्योगिक ग्राम | आवश्यकता अनुसार | प्रस्तावक | १ | हाजिरी रजिस्टर |
| स्वदेशमै उत्पादित सामाग्रीको उपलब्धता | • औद्योगिक ग्रामले उत्पादित सामाग्रीको बजारमा उपलब्ध गराउँदा, स्थानीय बजारलाई पनि प्राथमिकतामा राखी | पटक | २ | परियोजना लागतमा समावेश | विभिन्न बजार क्षेत्र | प्रत्येक ६ महिना | प्रस्तावक तथा उद्योगीहरू | २ | बिल/अर्डर |

| अनुकूल प्रभावहरू | प्रभाव बढोत्तरीका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय बजारमा उत्पादित सामाग्री उपलब्ध गराउने।<br>• स्वदेशमै उत्पादित सामाग्रीहरूमा कम कर लगाएर बजारमा सस्तो पर्ने गरि बजार व्यवस्थापनमा सहयोग गर्ने। | | | | | | | | |
| राजश्व संकलनमा टेवा | • उद्योगहरूले कम्पनी ऐन अनुसार स्थानीय तह र कर कार्यालयमा व्यवसाय कर तिर्ने। | -- | -- | परियोजना सञ्चालनमा समावेश | कर कार्यालय र स्थानीय तह | आवश्यकता अनुसार | प्रस्तावक | १ | कर तिरेको रसिदहरू सुरक्षित राख्ने |
| सामाजिक दायित्व सृजना | • उद्योगहरूले कुल नाफाको एक प्रतिशत सामाजिक दायित्वको कार्यहरूमा खर्च गर्ने।<br>• सामाजिक दायित्वको काममा कामदारहरूको बालबच्चालाई पढाई लेखाइका निम्ति छात्रवृत्तिमा खर्च गर्ने। | रूपैयाँ | कम्तीमा १ पटक | नाफाको १ % | स्थानीय क्षेत्रमा | हरेक वर्ष | प्रस्तावक | १ | माइन्युट, फोटो तथा सहयोग |

| अनुकूल प्रभावहरू | प्रभाव बढोत्तरीका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | • स्थानीयको सीप वृद्धिको लागि विभिन्न तालिमहरूको व्यवस्था गर्ने। | | | | | | | | |

## तालिका १२ : प्रतिकूल प्रभावहरू न्यूनीकरणका उपायहरू बारे वातावरणीय व्यवस्थापन योजना

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| **भौतिक वातावरण** | | | | | | | | | |
| **निर्माण चरण** | | | | | | | | | |
| जमिनको प्रयोगमा हुने परिवर्तन | • प्रस्तावको क्षेत्राधिकार बाहेकको जमिनमा निर्माण सम्बन्धी कार्यहरू प्रतिबन्ध गर्ने।<br>• जमिनको विकास गर्दा हरियाली प्रवर्द्धनलाई प्राथमिकताको व्यवस्था मिलाउने। | क्षेत्रफल | तोकिए को डिजाइन अनुसार | परियोजना लागतमा समावेश | औद्योगिक ग्राम | निर्माण चरण | प्रस्तावक / निर्माण व्यवसायी | निर्माण चरणमा समावेश हुने जनशक्ति | उद्योगको डिजाइन अनुसारको निरीक्षण |
| निर्माण जन्य सामाग्रीको भण्डारणको प्रभाव | • निर्माण जन्य सामाग्रीको भण्डारणको लागि प्रस्ताव गरिएको ठाउँमा वर्षाको पानीको उचित निकास सम्बन्धी कार्य गर्न लगाउने।<br>• वर्षाको समयमा निर्माणजन्य सामाग्रीमा हुने क्षय रोक्न त्रिपालले ढाकेर राख्ने व्यवस्था गर्न लगाउने। | - | - | परियोजना लागतमा समावेश | औद्योगिक ग्राम निर्माण परिसर | निर्माण चरण | प्रस्तावक / निर्माण व्यवसायी | निर्माण चरणमा समावेश हुने जनशक्ति | त्रिपालको व्यवस्था |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| वायु प्रदूषण | • निर्माण स्थलमा निष्कासन भएको फोहोर मैलालाई खुला रूपमा बाल्न प्रतिबन्ध लगाउने।<br>• हावा हुरी लागेको बेलामा निर्माण जन्य सामाग्रीलाई त्रिपालले ढाकेर राख्ने व्यवस्था गर्न लगाउने।<br>• निर्माण स्थलमा निर्माण कार्य गर्दा धूलो उडेमा पानी हालेर धूलो उड्नमा रोक लगाउने कार्य गर्ने।<br>• निर्माण सामग्री आयात गर्ने ढुवानी साधनलाई सडकमा पार्किङ्ग गर्न रोक लगाउने।<br>• ढुवानीमा संलग्न साधनको नियमित रूपमा चेक जाँच तथा मर्मत गरी बढी धुवाँ उत्सर्जनमा रोक लगाउने। | - | - | १०,००,००० | औद्योगिक ग्राम निर्माण परिसर | निर्माण चरण | प्रस्तावक / निर्माण व्यवसायी | निर्माण चरणमा समावेश हुने जनशक्ति | फोहरबिनको व्यवस्था, धूलो उडेमा पानी छर्कने व्यवस्था गर्न लगाउने |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| ध्वनि प्रदूषण | • ध्वनि नियन्त्रणको लागि निर्माण कार्यमा चाहिने मेसिनरीहरूको प्रयोग गर्न बिहान ९ बजे देखि बेलुका पाँच बजे सम्म मात्र गर्ने प्रबन्ध मिलाउने।<br>• निर्माण जन्य सामाग्रीको ओसार-पसार गर्दा प्रेशर हर्नको प्रयोगमा प्रतिबन्ध लगाउने।<br>• ध्वनि प्रदूषण नियन्त्रण सम्बन्धी आवश्यक चिन्हहरू प्रदर्शनको व्यवस्थापन गर्ने। | सङ्ख्या | ५ | २५,००० | औद्योगिक ग्राम निर्माण क्षेत्र | निर्माण चरण | प्रस्तावक | १ | ध्वनि प्रदूषण नियन्त्रण सम्बन्धी आवश्यक चिन्हहरू होर्डिंग बोर्ड मार्फत प्रदर्शन गर्ने |
| जल प्रदूषण | • निर्माण जन्य सामाग्रीको भण्डारणको लागि प्रस्ताव गरिएको ठाउँमा आवश्यक पानीको उचित निकास गरी स्थानीय जल प्रदूषण हुन नदिने प्रबन्ध मिलाउने।<br>• अस्थाई शौचालयको प्रयोगबाट निस्कने फोहोरलाई सेप्टिक ट्याङ्क तथा खाडलमा | सङ्ख्या | १ | परियोजना लागतमा समावेश | औद्योगिक ग्राम निर्माण क्षेत्र | निर्माण चरण | प्रस्तावक / निर्माण व्यवसायी | निर्माण चरणमा समावेश हुने जनशक्ति | अस्थाई शौचालय , सेप्टिक ट्याङ्क तथा खाडलको निर्माण |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | सावधानी अपनाएर व्यवस्थापन गर्न लगाउने र सोको अनुगमन गर्ने। | | | | | | | | |
| फोहरमैला निष्कासन बाट हुने प्रदूषण | • फोहरमैला निष्कासन हुने स्रोतमा जैविक र अजैविक फोहोरको वर्गीकरण गरेर फोहर मैलालाई छुट्टा-छुट्टै रङ्गको बिनमा व्यवस्थापन कार्य गर्न लगाउने।<br>• निर्माण स्थलमा निष्कासन भएको फोहरमैलालाई खुला रूपमा बाल्न प्रतिबन्ध लगाउने।<br>• जैविक फोहोरलाई निर्माण स्थलमा खाल्डो खनेर नियमित रूपमा विसर्जन गर्ने, नियमित रूपमा माटो हालेर व्यवस्था गर्ने र खाल्डो भरिएपछि पर्याप्त मात्रामा माटो हालेर पुर्ने व्यवस्थाको प्रबन्ध मिलाउने।<br>• निर्माण जन्य फोहोर मैलालाई पुन प्रयोग गर्ने र प्रयोग हुने निर्माण जन्य फोहोरलाई | सेट | १० सेट फोहर वर्गीकरण गरी जम्मा गर्न मिल्ने फोहरबिन | ३,००,००० | औद्योगिक ग्राम निर्माण क्षेत्र | निर्माण चरण | प्रस्तावक | निर्माण चरणमा समावेश हुने जनशक्ति | फोहर बिनको उपलब्धता, जैविक फोहर व्यवस्थापनको लागि खाडलको निर्माण |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय सडकमा भएको खाल्डो पुर्न गर्न लगाउने। | | | | | | | | |
| पहुँच मार्गमा हुने क्षति | • निर्माण जन्य सामाग्रीको ढुवानी गर्दा प्रयोग हुने पहुँच मार्गको क्षति भएमा मार्गको चेक जाँच तथा मर्मत सम्भारको व्यवस्था मिलाउने।<br>• निर्माण जन्य सामाग्रीको ढुवानी गर्दा सडकमा खाल्डो परेमा तुरुन्त खाल्डो पुर्ने व्यवस्थाको प्रबन्ध मिलाउने। | - | - | परियोजना लागतमा समावेश | पहुचमार्ग बिग्रेको स्थानमा | आवश्यकता अनुसार | प्रस्तावकले स्थानीय तहको समन्वयमा | ३ जना अनुगमनको लागि | चेक जाँच तथा मर्मत संभारको व्यवस्था मिलाउने |
| **सञ्चालन चरण** | | | | | | | | | |
| फोहरमैला बाट हुने प्रदूषण | • फोहरमैला निष्कासन हुने स्रोतमा जैविक र अजैविक फोहोरको वर्गीकरण गरेर फोहर मैलालाई छुट्टा-छुट्टै रङ्गको बिनमा व्यवस्थापन कार्य गर्न लगाउने। | - | - | परियोजना लागतमा समावेश | उद्योग परिसर | प्रस्ताव सञ्चालन चरणमा | प्रस्तावक /उद्योगीहरू | सञ्चालन चरणमा सहभागी जनशक्ति | निष्कासन भएको फोहर मैलालाई स्रोतमा वर्गीकरण (source |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | • सञ्चालन अवधिमा निष्कासन भएको फोहर मैलालाई खुला रूपमा बाल्न प्रतिबन्ध लगाउने।<br>• निष्कासन भएको फोहर मैलालाई स्रोतमा वर्गीकरण (source segregation), फोहोर कम गर्ने (Reduce),पुनः प्रयोगमा (Reuse) ल्याउने तथा पुनरावृत्ति (Recycle) फोहरमैलालाई व्यवस्थापन गर्ने तथा अन्तिम विसर्जनको (Final disposal) लागि नगरपालिका सँग समन्वय गर्ने प्रबन्ध मिलाउने। | | | | | | | | segregation), फोहोर कम गर्ने (Reduce),पुनः प्रयोगमा (Reuse) ल्याउने तथा पुनरावृत्ति (Recycle) फोहरमैलालाई व्यवस्थापन गर्ने |
| प्राकृतिक पानीको निकासमा हुने अवरोध | • संचालनको क्रममा सकेसम्म प्रस्तावित क्षेत्रमा जम्मा भएको पानी बाहिर रहेको जग्गामा नपठाउने। | ईनार | ६ वटा | १,८०,००० | औद्योगिक ग्राम परिसर भित्र | प्रत्येक वर्ष वर्षा सुरू हुनु भन्दा अघि | प्रस्तावक | २ जना | उद्योगले उद्योग क्षेत्र भित्रै जम्मा भएको पानीलाई |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | • बर्षाको पानी उद्योगले उद्योगको छतबाट भित्रै जम्मा भएको पानीलाई रिचार्ज ईनार बनाई भूमिगत पानी रिचार्ज गर्ने। | | | | | | | | रिचार्ज ईनार बनाई भूमिगत पानी रिचार्ज गर्ने |
| वायु प्रदूषण | • गुणस्तर प्राप्त मसिनहरूको मात्र प्रयोग गर्न लगाउने।<br>• धेरै ध्वनि र वायु प्रदूषण गर्ने उद्योगहरूको प्रदूषण गर्ने मसिनहरू बन्द कोठामा संचालन गर्न लगाउने।<br>• औद्योगिक ग्रामको प्रशासकीय भवनमा प्रदूषण मापन उपकरणहरू राखे र प्रदूषण मापन गर्ने।<br>• उद्योग क्षेत्रमा हरियाली प्रबधन गर्न उद्योग क्षेत्रको वरपर वृक्षारोपन गर्ने। | सङ्ख्या | हरियाली प्रबधन | प्रदूषण मापन उपकरण जडान खर्च परियोजना लागतमा समावेश<br>वृक्षारोपन रेखदेखलाई ५,००,००० | औद्योगिक ग्राम परिसर | ४/४ महिनामा | प्रस्तावक | १५ जना | औद्योगिक ग्राम क्षेत्र वरपर हरियाली प्रबधन गर्न वृक्षारोपन गर्ने। |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| भूमिगत पानीको दोहन | • उद्योगले भूमिगत पानी रिचार्ज गर्न वर्षाको पानीलाई जमिन भित्र पठाउन कम्तीमा छ रिचार्ज इनार बनाउने।<br>• वर्षा सुरू हुनु भन्दा अगाडी नै रिचार्ज इनारको सरसफाई गर्ने। | रिचार्ज ईनार | ६ वटा | यस अघि नै समावेश | औद्योगिक ग्राम परिसर भित्र | प्रत्येक वर्ष वर्षा सुरू हुनु भन्दा अघि | प्रस्तावक | १२ जना | रिचार्ज ईनार बनाउने |
| पहुँच मार्गमा हुने क्षति | • पहुँच मार्गमा कच्चापदार्थ ल्याउने तथा उत्पादित सामाग्री लैजाने सवारीसाधनको चाप संगै बाटोमा परेको खाल्टो सम्माउने वडा तथा नगरपालिकाको निगरानीमा पहुँच मार्गको नियमित मर्मत सम्भार गर्ने।<br>• कच्चापदार्थ ल्याउने तथा उत्पादित सामाग्री लैजाने सवारीसाधनलाई बाटोको क्षमता भन्दा बढी बोक्न निषेध गर्ने। | - | - | सामाजिक दायित्व सृजना बाट जम्मा भएको रकम प्रयोग गर्न सकिने | पहुचमार्ग | आवश्यकता अनुसार | वडा तथा स्थानीय सँग समन्वयमा प्रस्तावकले | ३ जना अनुगमनको लागि | चेक जाँच तथा मर्मत संभारको व्यवस्था मिलाउने |
| **जैविक वातावरण** | | | | | | | | | |
| **निर्माण चरण** | | | | | | | | | |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय वनस्पतिमा पर्ने असर | • निर्माण चरणमा स्थानीय वनस्पतिलाई असर नहुने गरि निर्माण समानहरू भण्डारण गर्ने। | - | - | - | निर्माण क्षेत्र | निर्माण चरणमा | प्रस्तावक / निर्माण व्यवसायी | निर्माणमा संलग्न जनशक्ति | तोकिएको स्थानमा भण्डारण तथा त्रिपालको व्यवस्था |
| **सञ्चालन चरण** | | | | | | | | | |
| स्थानीय वनस्पतिमा पर्ने असर | • उद्योगहरूबाट निस्कने प्रदूषणलाई कम गर्न बेला बेलामा उद्योगमा जडान भएका मसिनहरूको अनुगमन गरि सोको मर्मत सम्भार गर्न निर्देशन दिने।<br>• बढी ध्वनि र वायु प्रदूषण गर्ने मेसिनलाई बन्द कोठा भित्र, आवश्यक ventilation सहित राख्ने।<br>• उद्योग वरपरको किसानहरू र सामुदायिक वन सँग बेला बेलामा छलफल गर्ने। | - | - | यस अघि नै समावेश | औद्योगिक ग्राम परिसर | औद्योगिक ग्राममा उद्योगहरू संचालनमा आउनुभन्दा आगाडी | प्रस्तावक | ५ जना | मसिनलाई बन्द कोठा भित्र, आवश्यक ventilation सहित राख्ने। |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| **सामाजिक तथा आर्थिक वातावरण** | | | | | | | | | |
| **निर्माण चरण** | | | | | | | | | |
| निर्माण कार्यमा संलग्नहरूको पेशागत स्वास्थ्य तथा सुरक्षा | • प्रस्तावित निर्माण स्थलमा प्राथमिक उपचारका लागि चाहिने सामानहरूको उपलब्ध गराउने।<br>• निर्माण कार्यमा संलग्न जनशक्तिहरूलाई काम गर्दा हेल्मेट, माक्स, पन्जा र चस्मा अनिवार्य रूपमा लगाउनु पर्ने प्रबन्ध गर्ने र सोको अनुगमनको व्यवस्था मिलाउने।<br>• मेसिनरी उपकरणहरू र औजारहरूको प्रयोग गर्दा आँखामा गगल्स र कान प्लगहरूको व्यवस्था मिलाउने।<br>• निर्माण स्थलमा संलग्नहरूलाई चाहिने शौचालय, सफा पिउने पानीको व्यवस्था र | हेल्मेट, माक्स, पन्जा र चस्माको १ सेट<br>अस्थायी शौचालय, सफा पिउने पानीको व्यवस्था | २०० सेट<br>कम्तीमा १ वटा | २०,००,००० /- | औद्योगिक ग्राम परिसर | निर्माण चरणमा | प्रस्तावक / निर्माण व्यवसायी | निर्माणमा सहभागी जनशक्ति | प्राथमिक उपचार, शौचालय तथा सेफ्टी सामाग्रीहरूको उपलब्धता, |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | सरसफाई चाहिने सामानहरूको व्यवस्था अनिवार्य रूपमा प्रबन्ध मिलाउने। | | | | | | | | |
| निर्माण कार्यमा संलग्न जनशक्तिहरू तथा स्थानीय बासिन्दा बीच झैझगडा | • निर्माण कार्यमा संलग्न बाहिरी जनशक्तिहरूलाई स्थानीय ठाउँको वस्तु स्थिति, रहन सहन र रीति रिवाजबारे जनचेतना कार्यक्रम गर्ने।<br>• निर्माण स्थलमा अनावश्यक झैझगडा हुनमा रोक लगाउने तथा बाहिरी आगन्तुकहरूलाई निर्माण स्थल प्रवेशमा सोधपुछ गर्ने व्यवस्था मिलाउने। | कार्यक्रम | १ | परियोजना लागतमा समावेश | औद्योगिक ग्राम निर्माण परिसर भित्र | निर्माण कार्य थाल्नु भन्दा अघि | प्रस्तावक / निर्माण व्यवसायी | १ जना | बाहिरी जनशक्तिहरू लाई स्थानीय ठाउँको वस्तु स्थिति, रहन सहन र रीति रिवाजबारे जनचेतना कार्यक्रम गर्ने |
| लैंगिक भिन्नता र बाल श्रम | • निर्माण स्थलमा बाल श्रमको पूर्ण रूपमा प्रतिबन्ध लगाउने।<br>• बाल श्रमको प्रयोग भेटिएमा स्थानीय सरकार र प्रहरी सँग समन्वय गरी बाल | - | - | परियोजना लागतमा समावेश | औद्योगिक ग्राम क्षेत्र | निर्माण चरण | प्रस्तावक तथा निर्माण व्यवसायी | - | निर्माण स्थलमा बाल श्रमको पूर्ण रूपमा |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | श्रम (निषेध र नियमित गर्ने) ऐन,२०५६ अनुसार कारबाहीको व्यवस्था मिलाईनेछ।<br>• निर्माणमा संलग्न पुरूष तथा महिला श्रमलाई समान ज्याला दिने व्यवस्था सुनिश्चित गर्ने प्रबन्ध मिलाउने। | | | | | | | | प्रतिबन्ध लगाउने |
| गुनासो व्यवस्थापन | • निर्माण स्थलमा गुनासो व्यवस्थापन प्रणालीको व्यवस्था गर्ने।<br>• गुनासोहरू फोन, गुनासो पेटीका र साइट सुपरभाइजरको माध्यम बाट संकलनको व्यवस्था मिलाउने।<br>• आएका गुनासोको अभिलेख राख्ने र गुनासो १५ दिन भित्र सम्बोधन हुने व्यवस्था मिलाउने र सोको अनुगमन गर्ने। | | | परियोजना लागतमा समावेश | औद्योगिक ग्राम क्षेत्र | निर्माण चरण | प्रस्तावक तथा निर्माण व्यवसायी | | गुनासोहरू फोन, गुनासो पेटीका र साइट सुपरभाइजरको माध्यम बाट संकलनको व्यवस्था मिलाउने। |

| **प्रतिकूल प्रभावहरू** | **प्रभाव न्यूनीकरणका उपायहरू** | **एकाई** | **परिमाण** | **अनुमानित बजेट** | **कहाँ गर्ने** | **कहिले गर्ने** | **कसले गर्ने** | **अनुमानित जनशक्ति** | **कसरी गर्ने** |
|---|---|---|---|---|---|---|---|---|---|
| **सञ्चालन चरण** | | | | | | | | | |
| उद्योग सञ्चालन क्रममा कामदार बीच हुने झैझगडा | • सञ्चालन अवधिमा कामदारहरू बीच आपसी मेलमिलाप गराउन विभिन्न कार्यक्रमहरू गर्ने।<br>• कामको भार अनुसार कामदारहरूको ज्याला निर्धारण गर्ने।<br>• उद्योग सञ्चालनमा संलग्न बाहिरी जनशक्तिहरूलाई स्थानीय ठाउँको वस्तु स्थिति, रहन सहन र रीति रिवाजबारे जनचेतना कार्यक्रम गर्ने। | वार्षिक कार्यक्रम | १ | औद्योगिक ग्राम सञ्चालनमा समावेश | औद्योगिक ग्राम परिसर | प्रत्येक सिजनको सुरुवातमा | प्रस्तावक | ३ जना | जनचेतना कार्यक्रम गर्ने |
| स्वास्थ्य तथा सरसफाई | • सञ्चालन अवधिमा उद्योग परिसरको सरसफाई, शौचालय तथा सफा पिउने पानीको व्यवस्थाको उचित प्रबन्ध मिलाउने। | - | - | उद्योग सञ्चालन लागतमा समावेश हुने | उद्योग परिसर भित्र | आवश्यकता अनुसार | प्रस्तावक | ५ जना | शौचालय र पिउने पानीको व्यवस्था |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | • उद्योग परिसरमा सरसफाई सम्बन्धी आवश्यक मापदण्ड बनाएर पालना भएको हुनुपर्ने र सोको अनुगमन गर्ने व्यवस्था मिलाउने। | | | | | | | | |
| पेशागत स्वास्थ्य सुरक्षा | • उद्योग परिसरमा प्राथमिक उपचारका लागि चाहिने सामानहरूको उपलब्ध गराउने।<br>• सञ्चालन क्रममा संलग्न जनशक्तिहरूलाई काम गर्दा हेल्मेट, मास्क, पन्जा र चस्मा अनिवार्य रूपमा लगाउनु पर्ने प्रबन्ध गर्ने र सोको अनुगमनको व्यवस्था मिलाउने।<br>• मेसिनरी उपकरणहरू र औजारहरूको प्रयोग गर्दा आँखामा गगल्स र कान प्लगहरूको व्यवस्था मिलाउने।<br>• सञ्चालन क्रममा संलग्नहरूलाई चाहिने शौचालय, सफा पिउने पानीको व्यवस्था र | ने.रू. | ५० सेट | १०,००,००० | औद्योगिक ग्राम परिसर भित्र | आवश्यकता अनुसार | प्रस्तावक | १ जना | प्राथमिक उपचार, हेल्मेट, मास्क, पन्जा र चस्मा जस्ता सेफ्टी सामाग्रीहरूको उपलब्धता, |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | सरसफाई चाहिने सामानहरूको व्यवस्था अनिवार्य रूपमा प्रबन्ध मिलाउने।<br>• महिलाहरूलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार रोक्नका लागि उद्योगमा कार्यरत कामदार तथा कर्मचारीहरूलाई "कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१" र यस ऐनले तोकेको सजायहरूको बारेमा जनचेतना कार्यक्रम गर्ने। | | | | | | | | |
| प्रकोप व्यवस्थापन | • आगलागीको जोखिमको लागि औद्योगिक ग्राम परिसरमा आवश्यक पानीको आपूर्ति सुनिश्चित गर्नुपर्ने तथा आगो निभाउने उपकरणहरूको जडान गर्नुपर्ने।<br>• भूकम्पीय जोखिमको न्यूनीकरणको लागि उद्योग परिसरमा खुल्ला क्षेत्र छुट्याउने र सोको जानकारी कामदारहरू र | - | - | औद्योगिक ग्राम सञ्चालन लागतमा समावेश हुने | औद्योगिक ग्राम परिसर भित्र | आवश्यकता अनुसार | प्रस्तावक | ५ जना | आगो निभाउने उपकरणहरूको जडान गर्नुपर्ने तथा उद्योग परिसरमा |

| प्रतिकूल प्रभावहरू | प्रभाव न्यूनीकरणका उपायहरू | एकाई | परिमाण | अनुमानित बजेट | कहाँ गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति | कसरी गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| | उद्योगीहरूलाई प्रस्ट रूपमा बुझिने गरी प्रदर्शन गर्ने व्यवस्था मिलाउने।<br>• प्रकोप व्यवस्थापन सम्बन्धी पालना गर्नुपर्ने आवश्यक मापदण्डहरू बनाएर सोको जानकारी कामदारहरू र उद्योगीलाई प्रस्ट रूपमा बुझिने गरी प्रदर्शन गर्ने व्यवस्था मिलाउने। | | | | | | | | खुल्ला क्षेत्र छुट्टाउने |

## ६.१ अनुकूल प्रभावहरूको अनुमानित खर्चको सारांश

**तालिका १३ : अनुकूल प्रभावहरूको अनुमानित खर्च**

| क्र.स. | विवरण | अनुमानित खर्च (ने.रू.) | कैफियत |
|---|---|---|---|
| १. | निर्माण समयमै तालिमको व्यवस्था | १,५०,०००/- | - |
| कूल | | १,५०,०००/- | |

## ६.२ प्रतिकूल प्रभावहरूको अनुमानित खर्चको सारांश

**तालिका १४ : प्रतिकूल प्रभावहरूको अनुमानित खर्च**

| क्र.स. | विवरण | अनुमानित खर्च (ने.रू.) | कैफियत |
|---|---|---|---|
| १. | निर्माण स्थलमा धुलो उडेमा पानी छर्कने व्यवस्था | १०,००,०००/- | |
| २. | ध्वनी प्रदूषण नियन्त्रण सम्बन्धी आवश्यक चिन्हहरू होर्डिंग बोर्ड मार्फत प्रदर्शन गर्ने | २५,०००/- | |
| ३. | फोहोरमैलालाई छुट्टा-छुट्टै रङ्गको बिनमा वर्गीकरण | ३,००,०००/- | |
| ४. | प्राकृतिक पानीको निकासमा हुने अवरोध कम गर्न औद्योगिक ग्रामले रिचार्ज ईनार खन्ने | १८०,०००/- | |
| ५. | प्रस्तावित क्षेत्र वरिपरि हरियाली प्रबधन गर्न वृक्षारोपन गर्ने | ५,००,०००/- | (रेखदेख लाई समेत जोडेर) |

| क्र.स. | विवरण | अनुमानित खर्च (ने.रू.) | कैफियत |
|---|---|---|---|
| ६. | व्यक्तिगत सुरक्षा सामाग्रीहरूको प्रयोग तथा प्राथमिक उपचारका लागि चाहिने सामानहरू | ३०,००,०००/- | |
| **कूल** | | **५०,०५,०००/-** | |

अनुगमन तथा विभिन्न कार्यहरूमा विभिन्न सरकारी स्थानीय, प्रादेशिक र संघीय मन्त्रालय तथा विभागहरूको यस औद्योगिक ग्रामलाई वातावरण मैत्री बनाउन धेरै भूमिकाहरू रहन्छ।

## ६.३ अनुगमन योजना

राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० अनुसार आधार रेखा अनुगमन, नियमपालन अनुगमन र प्रभाव अनुगमन गरी तीन प्रकारका अनुगमन प्रस्ताव गरिएको छ। यस संक्षिप्त वातावरणीय अध्ययनले गरेका अनुगमन प्रस्तावहरूको विस्तृत विवरण यस प्रकार रहेका छन्।

### आधार रेखा अनुगमन

आधार रेखा अनुगमनमा हालको वातावरणीय वस्तुस्थितिको बारेमा तथ्याङ्क संकलन गरिने छ र यसको लागि प्रस्तावक जिम्मेवार हुनेछ। अनुगमनको लागि प्रस्तावकले खटाएको कर्मचारी प्रस्ताव क्षेत्रको स्थलगत भ्रमणमा जानेछन् र कर्मचारीले प्रस्ताव क्षेत्रको अवस्था, ध्वनी प्रदूषण, वायु प्रदूषण, जल प्रदूषण तथा हालको फोहोरमैला व्यवस्थापन अवस्थाको बारेमा अध्ययन गर्नेछन्।

### नियमपालन अनुगमन

यस संक्षिप्त वातावरणीय अध्ययनले प्रस्ताव गरेका वातावरणीय न्यूनीकरणका उपायहरू कार्यान्वयन भए नभएको बारे नियमपालन अनुगमन गर्नुपर्ने हुन्छ। यस अन्तर्गत प्रस्तावकले वातावरण संरक्षण सम्बन्धी निर्धारित मापदण्डको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तरका विशेष सूचक वा प्रदूषणका अवस्था बारेमा आवधिक वा लगातार रूपमा अनुगमन गरी अभिलेख राखिने छ।

### प्रभाव अनुगमन

प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तन पत्ता लगाउन आयोजना निर्माण र सञ्चालनका क्रममा त्यस क्षेत्रको सामाजिक र आर्थिक अवस्था र पर्यावरणीय सूचकको मूल्याङ्कनको प्रभाव अनुगमन गरिने छ।

### अनुगमन निरीक्षण योजना

## तालिका १५ : वातावरणीय अनुगमन योजना

| क्र.स. | अनुगमनका प्रकार | विषय बस्तु | अनुगमनका सूचक | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम (ने.रू.) | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| १. | आधार रेखा अनुगमन | ध्वनी गुणस्तर | ध्वनी मापन Noise Level (dB) | डिजिटल साउन्ड मिटर बाट ध्वनी मापन | प्रस्ताव निर्माण क्षेत्र | निर्माण चरण अघि एक पटक | १५,०००/- | प्रस्तावक |
| २. | | वायु गुणस्तर | PM10, PM2.5, | वायु गुणस्तर मापन | प्रस्ताव निर्माण क्षेत्र | निर्माण चरण अघि एक पटक | ५०,०००/- | प्रस्तावक |
| ३. | | पानीको गुणस्तर | Electrical Conductivity, pH at 24°C, Total Solid, Total Suspended Solids, Turbidity, Ammonia-N, Iron and coliform | नमूना संकलन तथा प्रयोगशालामा जाँच | प्रस्ताव निर्माण क्षेत्र | निर्माण चरण अघि एक पटक | ३०,०००/- | प्रस्तावक |

| क्र.स. | अनुगमनका प्रकार | विषय बस्तु | अनुगमनका सूचक | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम (ने.रू.) | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| ४. | | फोहोरमैला व्यवस्थापन | हाल स्थानीय तहमा भइरहेको फोहोरमैला व्यवस्थापनको अवस्था | स्थलगत निरिक्षण तथा स्थानीय सँग छलफल | प्रस्ताव निर्माण क्षेत्र नजिकमा रहेको बस्ति | निर्माण चरण अघि एक पटक | १५,०००/- | प्रस्तावक |
| १. | नियमपालन अनुगमन | सिफारिस गरिएका न्यूनीकरण कार्य भए नभएको | भए/नभएको | ठेक्का सम्झौताको सम्पूर्ण व्यहोरा अध्ययन | न्यूनीकरण उपायहरू दिईएका स्थानहरू | आवश्यकता अनुसार प्रत्येक ३,३ महिना | ३०,०००/- | प्रस्तावक, स्थानीय सरकार र सम्बन्धित मन्त्रालय |
| २. | | स्थानीयलाई रोजगारी | रेकर्ड हेर्ने तथा स्थानीय सँग छलफल | स्थलगत निरिक्षण तथा स्थानीय सँग छलफल | प्रस्ताव निर्माण स्थल | प्रस्ताव निर्माण अघि | १०,०००/- | प्रस्तावक, स्थानीय सरकार र सम्बन्धित मन्त्रालय |
| ३. | | निर्माण स्थलमा अदक्ष जनशक्तिलाई | तालिममा सहभागीहरूको रेकर्ड हेर्ने | स्थलगत निरिक्षण तथा स्थानीय सँग छलफल | प्रस्ताव निर्माण स्थल | प्रत्येक ४ महिनामा | १०,०००/- | प्रस्तावक, स्थानीय सरकार र |

| क्र.स. | अनुगमनका प्रकार | विषय बस्तु | अनुगमनका सूचक | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम (ने.रू.) | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | तालिमको व्यवस्था | | | | | | सम्बन्धित मन्त्रालय |
| ४. | | गुनासो व्यवस्थापन कमिटीको गठन | गुनासो व्यवस्थापन कमिटीको गठनको माईन्युट तथा गुनासो आएको रेकर्ड | स्थानीय सँग छलफल | प्रस्ताव निर्माण स्थल | प्रत्येक ४ महिनामा | | प्रस्तावक, स्थानीय सरकार र सम्बन्धित मन्त्रालय |
| ५. | | पेशागत स्वास्थ्य तथा सुरक्षा | सुरक्षा सामाग्रीहरूको खरिदको बिल तथा मौज्दात सुरक्षा सामाग्रीहरूको निरिक्षण | निर्माणमा संलग्नहरू सँग छलफल | प्रस्ताव निर्माण स्थल | प्रत्येक ४ महिनामा | | प्रस्तावक, स्थानीय सरकार र सम्बन्धित मन्त्रालय |

| क्र.स. | अनुगमनका प्रकार | विषय बस्तु | अनुगमनका सूचक | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम (ने.रू.) | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| ६. | | वायु गुणस्तर, ध्वनी गुणस्तर तथा फोहोरमैला व्यवस्थापन | धुलो उडेको, ध्वनी मापन, तथा फोहोरमैला स्रोतमा वर्गीकरणको अवस्था | स्थलगत निरिक्षण तथा स्थानीय बासिन्दा सँग छलफल | प्रस्ताव निर्माण स्थल | प्रत्येक ४ महिनामा | | प्रस्तावक, स्थानीय सरकार र सम्बन्धित मन्त्रालय |
| ७. | | हरियाली प्रवर्द्धन | हरियाली प्रवर्द्धनका लागि काम भए नभएको | स्थलगत निरिक्षण | प्रस्ताव निर्माण स्थल वरपर | प्रत्येक ४ महिनामा | | प्रस्तावक, स्थानीय सरकार र सम्बन्धित मन्त्रालय |
| | प्रभाव अनुगमन | ध्वनी गुणस्तर | ध्वनी मापन Noise level (dB) | डिजिटल साउन्ड मिटर बाट ध्वनी मापन | प्रस्ताव निर्माण क्षेत्र | आवश्यकता अनुसार प्रत्येक ४ महिनामा | २०,०००/- | प्रस्तावक |
| | | वायु गुणस्तर | PM10, PM2.5, | वायु गुणस्तर मापन | प्रस्ताव निर्माण क्षेत्र | आवश्यकता अनुसार | ६०,०००/- | प्रस्तावक |

| क्र.स. | अनुगमनका प्रकार | विषय बस्तु | अनुगमनका सूचक | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम (ने.रू.) | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रत्येक ४ महिनामा | | |
| | | पानीको गुणस्तर | Electrical Conductivity, pH at 24oC, Total Solid, Total Suspended Solids, Turbidity, Ammonia-N, Iron and coliform | नमूना संकलन तथा प्रयोगशालामा जाँच | प्रस्ताव निर्माण क्षेत्र | आवश्यकता अनुसार प्रत्येक ४ महिनामा | ३०,०००/- | प्रस्तावक |
| | | हरियाली प्रवर्द्धन | उद्योग क्षेत्रमा हरियाली प्रवर्द्धन गर्न वृक्षारोपण भए नभएको | स्थलगत निरीक्षण | प्रस्ताव निर्माण स्थल | प्रत्येक ४ महिनामा | २०,०००/- | प्रस्तावक, स्थानीय सरकार |

| क्र.स. | अनुगमनका प्रकार | विषय बस्तु | अनुगमनका सूचक | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम (ने.रू.) | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | लैंगिक भिन्नता र बाल श्रम | निर्माण व्यवसायीबाट ज्याला दिएको रेकर्ड | स्थलगत निरीक्षण तथा स्थानीय सँग छलफल | प्रस्ताव निर्माण स्थल | प्रत्येक ४ महिनामा | १५,०००/- | प्रस्तावक, स्थानीय सरकार |
| | | निर्माण कार्यमा संलग्न मानवहरूको सीप विकासमा वृद्धि | निर्माण कार्यमा संलग्न मानवहरूसँग छलफल | स्थलगत निरीक्षण तथा निर्माण कार्यमा संलग्न मानवहरूसँग छलफल | प्रस्ताव निर्माण स्थल | प्रत्येक ४ महिनामा | १०,०००/- | प्रस्तावक, स्थानीय सरकार |
| **वातावरणीय अनुगमन क्रियाकलापहरूको लागि कूल अनुमानित रकम (ने.रू.)** | | | | | | | **३,१५,०००/-** | |

वातावरणीय अनुगमन क्रियाकलापहरूको लागि कूल अनुमानित रकम (ने.रू.) ३,१५,०००/- छुट्ट्याइएको छ

# परिच्छेद ७ : अन्य आवश्यक कुरा

## ७.१ प्रतिवेदन तयार गर्दा आकर्षण भएका नीति, ऐन, नियम, नियमावली, निर्देशिका तथा मापदण्डहरू

प्रस्तुत औद्योगिक ग्रामको संक्षिप्त वातावरणीय अध्ययन अन्तर्गत निम्न लिखित कानुनी तथा नीतिगत व्यवस्थाहरूको पुनरावलोकन गरिएको छ।

### संविधान

**तालिका १६ : नेपालको संविधान**

| संविधान | धारा | सम्बन्धित बुँदा |
|---|---|---|
| नेपालको संविधान | धारा ३० | • नेपालको संविधानले समग्र राष्ट्रको सन्तुलित विकासका लागि आर्थिक लगानीको समान वितरण गर्दै सबै क्षेत्रका जनतालाई शिक्षा, स्वास्थ्य, आवास तथा रोजगारी जस्ता पूर्वाधारको विकास मार्फत जनताको जीवनस्तर वृद्धि गर्ने नीति लिएको छ। संविधानको धारा ३० ले नेपाली जनताको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै वातावरणीय प्रदूषण वा क्षयीकरणबाट क्षति पुग्ने पीडितलाई कानुन सम्मत ढंगले क्षतिपूर्ति पाउने अधिकार समेत गरेको छ। |

### नीति, योजना र रणनीति

यस प्रा.वा.प. अध्ययनको क्रममा अध्ययन गरिएका नीति, योजना र रणनीतिहरूलाई तलको तालिकामा देखाइएको छ

## तालिका १७ : नीति, योजना र रणनीति

| नीति, योजना तथा रणनीतिहरू | परिच्छेद र खण्ड | सम्बन्धित बुँदा |
|---|---|---|
| पन्ध्रौ योजना, (२०७६/७७ - २०८०/८१ ) | परिच्छेद ६ को खण्ड ६.२ को उपखण्ड ६.२.१ (४.४- १) | • उद्योग व्यवसाय स्थापना तथा सञ्चालनमा सहजता बनाउन प्रणालीगत सुधार गरिनेछ।<br>• रोजगारी सिर्जना र गरिबी निवारण गर्न प्रदेश तथा स्थानीय तहसँगको सहकार्य र समन्यवमा लघु, घरेलु तथा साना उद्योगको संरक्षण र संवर्द्धन गरिनेछ। |
| राष्ट्रिय वातावरण नीति, २०७६ | खण्ड ८ को उपखण्ड ८.१ | • सबै प्रकारका प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरणका लागि प्रभावकारी प्रणाली स्थापना गरिनेछ। |
| | खण्ड ८ को उपखण्ड ८.१ | • स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ। |
| | उपखण्ड ८.५ | • भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरण मैत्री संरचना निर्माण गरिनेछ। |
| राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ | खण्ड ८ को उपखण्ड ८.६ | • भरपर्दो, दिगो र न्यून कार्बन प्रविधियुक्त उद्योग, यातायात र भौतिक पूर्वाधारको विकास गरी जलवायु उत्थानशील आर्थिक विकासको अवधारणा अवलम्बन गरिनेछ। |
| राष्ट्रिय भुमि नीति, २०७५ | खण्ड ५ को उपखण्ड ७ | • भूमिको उत्पादनशील प्रयोगका माध्यमबाट देशको आर्थिक समृद्धि तथा नागरिकको जीवनस्तरमा सुधार ल्याउन। |
| राष्ट्रिय भू-उपयोग नीति, २०७२ | खण्ड ८ को उपखण्ड ८.४ को ८.४.४ | • जलवायु परिवर्तनको असरलाई समेत ध्यानमा राखी दिगो विकासका सिद्धान्तका आधारमा विकास |

| **नीति, योजना तथा रणनीतिहरू** | **परिच्छेद र खण्ड** | **सम्बन्धित बुँदा** |
|---|---|---|
| | | निर्माणका कार्यहरू सञ्चालन गरिनेछ। |

**ऐनहरू**

यस प्रा.वा.प. अध्ययनको क्रममा अध्ययन गरिएका ऐनहरूलाई तलको तालिकामा देखाइएको छ।

**तालिका १८ : ऐनहरू**

| **ऐन** | **दफा, उपदफा** | **सम्बन्धित बुँदा** |
|---|---|---|
| वातावरण संरक्षण ऐन, २०७६ | दफा ३ को उपदफा १ | • प्रस्तावकले तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ। |
| | दफा ३ को उपदफा २ (१ ) | • यसरी तयार पारिएको अध्ययन प्रतिवेदन स्वीकृतिको लागि सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ। |
| बालबालिका सम्बन्धी ऐन, २०७५ | दफा ७ को उपदफा ९ | • चौध वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा कमलरीको रूपमा राख्न पाइने छैन। |
| उपभोक्ता संरक्षण ऐन, २०७५ | दफा ३ को उपदफा २ | • प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुनेछ। |
| | दफा ७ को उपदफा १ को बुँदा क | • गुणस्तरीय वस्तु वा सेवा उत्पादन गर्नु पर्नेछ। |
| | दफा १६को उपदफा १ | • कसैले पनि अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न वा गराउन पाउने छैन। |
| रोजगारीको हक सम्बन्धी ऐन, २०७५ | दफा ४ को उपदफा ३ | • कसैले पनि कुनै नागरिकलाई निजको इच्छा विपरित वा निजले नचाहेको |

| ऐन | दफा, उपदफा | सम्बन्धित बुँदा |
|---|---|---|
| | | रोजगारी गर्न वा त्यस्तो रोजगारीमा लगाउन वा जबरजस्ती गर्न वा बाध्य बनाउन पाउने छैन। |
| | दफा ६ | • कसैले पनि बेरोजगार व्यक्तिलाई रोजगारी दिने सम्बन्धमा प्रचलित कानुनले कुनै खास वर्ग वा समुदायको लागि विशेष व्यवस्था गरेको अवस्था बाहेक त्यस्तो व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिंग, भाषा, क्षेत्र, वैचारिक आस्था वा त्यस्तै कुनै आधारमा भेदभाव गर्न पाउने छैन। |
| | दफा ७ उपदफा १ | • रोजगारीमा रहेको व्यक्तिलाई प्रचलित कानुन बमोजिम बाहेक विना कारण रोजगारीबाट हटाउन छैन। |
| वैयक्तिक गोपनीयताको सम्बन्धी ऐन, २०७५ | दफा ३ को उपदफा १ | • प्रत्येक व्यक्तिको शारीरिक र मानसिक अवस्था सम्बन्धी विषयको गोपनीयता अनतिक्रम्य हुनेछ। |
| योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ | दफा ७ | • सूचीकृत रोजगारदाताले आफ्नो तर्फबाट वा योगदानकर्ताको योगदानयोग्य आयबाट गर्नु पर्ने योगदानको दर निर्धारण गरी तोकिए बमोजिमको व्यवस्था कार्यान्वयन गर्नु पर्नेछ। |
